# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८५ | काठमाडौं | शुक्रबार, १ साउन २०८३ | Prabhab National Daily | Friday, 17 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-




**ताल बन्यो माइतीघर** | बिहीबार दिउँसो वर्षापछि जलमग्न भएको काठमाडौंस्थित माइतीघर क्षेत्र । व्यवस्थित ढल निकास नहुँदा पछिल्ला वर्षायाममा काठमाडौं उपत्यकामा सामान्य वर्षामै सडक डुबानको समस्या बढ्दो छ ।

*तस्बिर : प्रगति ढकाल/रासस*

# बालेन्द्र–राजेन्द्र संयशपूर्ण भेट

- संविधान संशोधन प्रतिवेदन बुझिएकै दिन वालेन्द्र-राजेन्द्र भेट
- बालेन सरकारले गणतन्त्र र अहिलेको व्यवस्थालाई भत्काएर अघि जान खोजे सहयोग गर्ने लिङ्देनको वाचा
- ४४ हजारभन्दा बढी सुझाव समेटेर प्रतिवेदन बुझाएको दाबी





■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनबीच बिहीबार भेटवार्ता भएको छ । संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदलले सरकारलाई प्रतिवेदन बुझाएकै दिन दुई नेताबीच भेट भएको हो ।

दुवै पक्षले यसलाई सामान्य भेट भने पनि राजनीतिक वृत्तमा यसलाई संशयपूर्वक हेरिएको छ । संविधान संशोधनको बहस निर्णायक चरणमा पुगेको छ । यही बेला राजसंस्था र हिन्दुराष्ट्रको पक्षमा रहेको राप्रपाका अध्यक्षसँग प्रधानमन्त्रीको भेट भएको हो। यसले विभिन्न राजनीतिक अड्कलबाजी जन्माएको छ ।

अध्यक्ष लिङ्देनले प्रधानमन्त्री बालेनसँग भेटपछि संविधान संशोधनसँगै अन्य समसामयिक विषयमा छलफल भएको बताएका छन् । बहसपत्र कार्यदलबाट गणतन्त्र पक्षधर सबै दल यसअघि नै बाहिरिएका थिए । उनीहरूले कार्यदलको कार्यदिशाप्रति असहमति जनाएका थिए । कार्यदलले संविधानका आधारभूत विशेषतामाथि पुनर्विचार गर्न खोजेको उनीहरूको आरोप थियो ।

यस्तो अवस्थामा कार्यदलमा राप्रपामात्रै सहभागी रह्यो । राप्रपाले संवैधानिक राजसंस्था र सनातन हिन्दुराष्ट्रको पक्षमा लामो समयदेखि वकालत गर्दै आएको छ । भेटपछि अध्यक्ष लिङ्देनले संविधान संशोधनका विषयमा छलफल भएको बताए । उनले भने, 'बाहिरिएका दलले भनेजस्तै सरकार गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताका स्वरूपमा परिवर्तन गर्न चाहन्छ भने हाम्रो (राप्रपा)को सहयोग रहन्छ ।'

लिङ्देनको यो भनाइपछि भेटलाई सामान्य शिष्टाचारभन्दा बढी राजनीतिक अर्थमा हेरिएको छ । यद्यपि प्रधानमन्त्री कार्यालयले भेटका एजेन्डाबारे विस्तृत जानकारी सार्वजनिक गरेको छैन ।

कार्यदलबाट बाहिरिएका नेकपा महासचिव देव गुरुङका अनुसार बहसपत्रमा धर्मनिरपेक्षताबारे जनमतसंग्रह गराउने प्रस्ताव तथा संघीयता पुनरावलोकन वा खारेजीसम्मका विषय समेट्ने प्रयास भएको थियो । त्यसपछि आफूहरू अलग भएको बताए ।

'हामी संविधानका आधारभूत सिद्धान्तलाई कमजोर पार्ने प्रक्रियामा सहभागी हुन सक्दैनौं । गणतन्त्र, संघीयता र धर्मनिरपेक्षतामाथि प्रहार स्वीकार्य हुँदैन, त्यसैले कार्यदलबाट बाहिरिएका हौं र बिहीबार प्रतिवेदन बुझायो, त्यसमा हाम्रो कुनै अपनत्व छैन,' गुरुङले बताए ।

यद्यपि कार्यदल वा सरकारले बहसपत्रमा यस्ता प्रस्ताव समावेश भएको औपचारिक पुष्टि सार्वजनिक गरेको छैन ।

प्रधानमन्त्री शाहको राजनीतिक धारणा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को संविधानसम्बन्धी दृष्टिकोण पनि पछिल्लो समय बहसको विषय बन्दै आएको छ । रास्वपाले औपचारिक रूपमा गणतन्त्रको विरोध नगरे पनि संघीय संरचनाको प्रभावकारितामाथि प्रश्न उठाउँदै आएको छ । गत असार पहिलो र दोस्रो साता चितवनमा सम्पन्न पार्टीको पहिलो राष्ट्रिय महाधिवेशनले प्रदेशसभा खारेज गर्ने तथा स्थानीय तहलाई नयाँ ढंगले पुनर्संरचना गर्ने अवधारणा समेटिएको अर्थ-राजनीतिक प्रतिवेदन पारित गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

## बहसपत्र कार्यदलले बुझायो प्रतिवेदन

**काठमाडौं (प्रस)–** गणतन्त्र पक्षधर प्रमुख राजनीतिक दलहरूको बहिष्कारबीच संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलले सरकारलाई प्रतिवेदन बुझाएको छ ।

प्रधानमन्त्री बालेन शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन बुझाएको हो ।

सरकारले १३ चैत २०८२ मा सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीअनुसार संविधान संशोधनसम्बन्धी राष्ट्रिय बहसको आधार तयार गर्न कार्यदल गठन गरेको थियो । सोहीअनुसार १६ चैत २०८२ मा बालेन मन्त्रिपरिषद्ले कार्यदल गठन गरेको थियो भने कार्यदलले चैत २५ गतेदेखि काम सुरु गरी दोस्रो पटक थपिएको म्यादभित्र प्रतिवेदन बुझाएको जनाएको छ ।

तर, प्रतिवेदन सरकारलाई बुझाइँदासम्म कार्यदलको प्रक्रियालाई लिएर राजनीतिक विवाद भने कायमै रह्यो ।

क्रमशः पृष्ठ २ मा

# सम्पत्ति शुद्धीकरणमा विष्णु पौडेल मतियार बनेको आरोप, २१ करोड बिगो दाबी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले एमाले उपाध्यक्ष विष्णु पौडेलविरुद्ध करिब २१ करोडको बिगो दाबी गर्दै विशेष अदालतमा पुरक अभियोगपत्र दायर गरेका छ । विभागले बिहीबार पौडेल, विवादास्पद व्यवसायी दीपक भट्ट, सुलभ अग्रवाल र सुभी अग्रवालसहित अन्य व्यक्ति र कम्पनीविरुद्ध विशेष अदालतमा पूरक अभियोग पत्र दायर गरेको हो ।

विभागको अनुसन्धान प्रतिवेदनको आधारमा विशेष सरकारी वकिल कार्यालयले व्यवसायी भट्टलाई ४७ करोड ७७ लाख ६६ हजार २५० रूपैयाँ बिगो दाबी विशेषमा मुद्दा दर्ता गरेको हो । पूर्व अर्थमन्त्री पौडेललाई २० करोड ९० लाख रूपैयाँ बिगो दाबी कायम भएको छ । त्यस्तै, सुभी अग्रवाललाई १३ करोड ३३ लाख ५६ हजार १३६ रूपैयाँ बिगो दाबी कायम भएको छ । हिमालयन एसेट मेनेजमेन्टलाई २० करोड ९० लाख रूपैयाँ बिगो दाबी कायम गरेर मुद्दा दायर भएको छ ।



व्यवसायी दीपक भट्टलाई ४७ करोड ७७ लाख ६६ हजार २५० रूपैयाँ बिगो दाबी गर्दा पूर्व अर्थमन्त्री विष्णु पौडेललाई २० करोड ९० लाख रूपैयाँ बिगो दाबी कायम


विभागले सुलभ अग्रवालको नाममा रहेको बालुवाटारको घर-जग्गा, रिद्धिसिद्धि सिमेन्टको १ करोड ७० लाख कित्ता शेयर, र दीपक भट्टको नाममा रहेका विभिन्न ८ वटा कम्पनीका १५६ रोपनी जग्गा जफत गर्न माग गरिएको छ । हिमालयन रि-इन्स्योरेन्स, श्रीराम टोबाको उद्योग र विभिन्न सहकारीको आवरणमा अर्बौं रूपैयाँ अवैध रूपमा ओसारपसार र रूपान्तरण गरेको अभियोग उनीहरूमाथि लगाइएको छ ।

पूर्वअर्थमन्त्री पौडेलमाथि पद र प्रभावको दुरूपयोग गरी सम्पत्ति शुद्धीकरणमा सहयोग पुऱ्याएको (मतियारको भूमिका खेलेको) आरोप लागेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# कुवेत गएका महिला घरेलु हिंसामा, उद्धारमा सास्ती



- रोजगारदाताले हातमा टोकेर रगतै निकालिदिएको फोटो पठाएपछि एक महिलालाई नेपाल झिकाउने पहल थालेका उनका आफन्त रत्न सुनुवारले बताए
- कुवेतस्थित नेपाली दूतावासले भने दूतावास आफैँले उद्धार गर्न नमिल्ने तर दूतावाससम्म आए नेपाल पठाउन सकिने जनाएको छ

■ **ममता थापा**


**काठमाडौं–** रोजगारीको लागि कुवेत गएकी २७ वर्षीया महिला घरेलु हिंसाको शिकार भएकी छन् । घरेलु कामदारका रूपमा गत चैत २७ गते कुवेत गएकी सुर्खेत लेकबेंसी नगरपालिका-१ की ती महिला कुवेतको अल जाहरा भन्ने स्थानमा रहेको बताइएको छ ।

पीडित महिलाका भेना रत्न सुनुवारका अनुसार कुवेतमै कार्यरत उनकी साथीले फ्रि-भिजा फि-भिजा टिकटमा कुवेत आउन मिल्छ भनेपछि उनी त्यता पुगेकी थिइन् । उनीसँगै अर्की एक जना महिला पनि साथमै पुगेकी थिइन् । 'उनीहरू फ्रि-भिजा, फ्रि-टिकटमा गएका हुन् । सबै कुरा फ्रि भनेपछि त्यसकै प्रलोभनमा परे । त्यहाँ दुबैजना छुट्टाछुट्टै ठाउँमा छन्,' सुनुवारले भने । महिनामा ४०-४५ हजार कमाइ हुन्छ भनेर बोलाइपछि उनीहरू कुवेत पुगेका थिए ।

पीडितले त्यहाँ धेरै यातना खेप्नुपरेको गुनासो सुनाएको सुनुवारले बताए । 'मालिक्नीले खाना नदिई भोकभोकै राख्ने, हातमा टोकिदिने, कुटपिट गर्ने गर्दो रहेछ । एक दिनमा तीनदेखि चार घण्टामात्र सुत्न दिने रहेछ,' सुनुवारले भने, 'हातमा टोकेर रगतै निकालिदिएको फोटो पठाएपछि हामीले नेपाल झिकाउने पहल थालेका छौं ।' पीडितले गएको एक महिनापछि हिंसामा परेको सुनाएको उनले बताए । उनका अनुसार त्यहाँ रहेको नेपाली दूतावासमा सम्पर्क गर्दा दूतावास आफैँले उद्धार गर्न नमिल्ने तर दूतावाससम्म आए नेपाल पठाउन सकिने जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

# इजरायलमा केयरगिभरका लागि ८३६ जना छनोट, थप २१ सयलाई अवसर



**काठमाडौं–** इजरायलमा सुसारेका रूपमा काम गर्न निकट भविष्यमा आठ सय ३६ जना इजरायल जाने भएका छन् । इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरणले बिहीबार नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरीबास, वैदेशिक रोजगार विभागका प्रतिनिधि तथा सञ्चारमाध्यमका प्रतिनिधिको उपस्थितिमा पहिलो खेपमा इजरायल जाने कामदार श्रव्यदृश्यका माध्यमबाट चिन्ह प्रणालीमार्फत छनोट गरेको हो ।

यहाँस्थित इजरायली दूतावासले जारी गरेको प्रेस विज्ञप्तिअनुसार चिन्ह प्रक्रियामा एक हजार ११५ जना सहभागी भएकामा ७८४ पुरुष र ३३१ महिला थिए । केयरगिभरका लागि इजरायलले २ हजार ३ सय जनाको माग गरेको भए पनि अंग्रेजी भाषा परीक्षामा १ हजार २ सय ३१ जना मात्र उत्तीर्ण भएका थिए । तीमध्ये इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिबा) ले लक्की ड्रमार्फत ८३६ जनालाई अन्तिम रूपमा छनोट गरेको हो ।

त्यस अवसरमा राजदूत एरीबासले इजरायलको सेवाशुश्रूषा क्षेत्रमा निकट भविष्यमा थप दुई हजार १०० भन्दा बढी रोजगारीका अवसर खुल्ने जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा


## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

## बालेन्द्र-राजेन्द...

यस्तै, प्रधानमन्त्री शाह गणतन्त्र दिवसको औपचारिक समारोहमा सम्बोधन नगरेको विषयले पनि राजनीतिक टिप्पणी जन्माएको थियो । यसअघि सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भइरहेका बेला प्रधानमन्त्री बीचमै समारोहबाट बाहिरिएको घटनाले पनि वर्तमान राजनीतिक व्यवस्थाप्रति उनको प्रतिबद्धतालाई लिएर प्रश्न उठिरहेको छ ।

यस्तोमा प्रधानमन्त्री कार्यालयबाट राष्ट्रपतिमाथि राजीनामाको दबाब परेको भन्ने दाबीहरू पनि सार्वजनिक भएका थिए । यद्यपि ती दाबीहरूको औपचारिक पुष्टि भएको छैन ।

तर, संविधान संशोधनको बहस, गणतन्त्र पक्षधर दलहरूको कार्यदलबाट बहिर्गमन, राप्रपाको निरन्तर सहभागिता, प्रधानमन्त्री-लिङ्देन भेट, रास्वपाको संघीयतासम्बन्धी धारणा तथा पछिल्ला राजनीतिक घटनाहरूले अहिलेको भेटलाई सामान्य शिष्टाचारभन्दा बढी राजनीतिक अर्थ दिने प्रयास भइरहेको देखिन्छ ।

■■■

## बहसपत्र कार्यदलले...

कार्यदललाई कांग्रेसले सुरुमै अस्वीकार गऱ्यो । कार्यदलमा सहभागी भए पनि एमालेले कार्यदलबाट अलग भएको जनायो । यही असारको सहभागी भएका नेपाल कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चालगायतका दलहरूले कार्यदलको औचित्यमाथि नै प्रश्न उठाउँदै प्रक्रिया बहिष्कार गरेका थिए । उनीहरूले संविधान संशोधनको नाममा नयाँ संविधान लेख्ने दिशातर्फ प्रक्रिया मोड्न खोजिएको, कार्यदलको क्षेत्राधिकार अस्पष्ट रहेको तथा प्रक्रिया राजनीतिक रूपमा निष्पक्ष नरहेको आरोप लगाएका थिए ।

कार्यदलका संयोजक असिम शाहले भने बहिष्कारलाई अस्वीकार गर्दै प्रतिवेदन तयारी प्रक्रिया सहभागितामूलक रहेको दाबी गरेका छन् । उनका अनुसार कार्यदलले २२ वटा औपचारिक तथा अनौपचारिक बैठक सञ्चालन गरी पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, संविधानविद्, कानुनविद्, पूर्वन्यायाधीश, पूर्वमहान्यायाधिवक्ता, सञ्चारकर्मी, महिला प्रतिनिधि तथा निजी क्षेत्रका प्रतिनिधिसहित १८४ जना विज्ञसँग प्रत्यक्ष छलफल गरेको थियो । साथै, १५० भन्दा बढी संस्था तथा निकायबाट लिखित सुझाव लिइएको र वेबसाइटमार्फत देश-विदेशबाट ४४ हजार ६१३ वटा डिजिटल सुझाव प्राप्त भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यसअघि कार्यदलको प्रक्रियाबाट बाहिरिने निर्णय सार्वजनिक गर्दै विपक्षी दलहरूले बुझाएको असहमति पत्रमा कार्यदलको उद्देश्य, संयोजकको भूमिका र बहसको कार्यादेशप्रति गम्भीर प्रश्न उठाएका थिए । उनीहरूले कार्यदलले संविधान संशोधनका लागि आवश्यक राजनीतिक सहमति निर्माण नगरी एकपक्षीय ढंगले प्रक्रिया अघि बढाएको आरोप लगाएका थिए ।

यद्यपि कार्यदलले भने संविधान निर्माणसँग सम्बन्धित ऐतिहासिक दस्तावेज, संविधानसभाका समितिका प्रतिवेदन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र प्राप्त सुझावलाई २० वटा विषयगत क्षेत्रमा वर्गीकरण गरी कार्यकारी सारांशसहितको प्रतिवेदन तयार गरिएको जनाएको छ । अब उक्त प्रतिवेदनमाथि सरकारले अध्ययन गरी संविधान संशोधनसम्बन्धी आगामी राजनीतिक तथा कानुनी प्रक्रिया अघि बढाउने अपेक्षा गरिएको छ ।

■■■

## सम्पत्ति शुद्धीकरणमा...

अभियोग पत्रअनुसार पौडेलले अर्थमन्त्री हुँदा श्रीराम टोबाको उद्योगको २० प्रतिशत सेयर (३ लाख ७५ हजार कित्ता) अत्यन्तै न्यून मूल्यमा दीपक भट्टको कम्पनीलाई दिलाउन सहजीकरण गरेका थिए ।

कम्पनीको प्रतिसेयर किताबी मूल्य ८१६ रूपैयाँ ७१ पैसा रहे पनि प्रतिसेयर १०० रूपैयाँका दरले भट्टको कम्पनीलाई सेयर हस्तान्तरण गरिएको थियो । यसको बदलामा पौडेलले सुपारी आयातमा सहुलियत दिलाएको, राजस्व अनुसन्धान विभागको कारबाहीबाट जोगाएको र हिमालयन रि-इन्स्योरेन्सलाई इजाजत दिलाउन भूमिका खेलेको दाबी विभागको छ ।

भट्टले 'इन्फिनिटी होल्डिङ्स' र 'हिमालयन एसेट म्यानेजमेन्ट'मार्फत अवैध सम्पत्ति शुद्धीकरण गरेको अनुसन्धानले देखाएको छ । भट्टले जगदम्बा स्टिलबाट प्राप्त ४५ करोड रूपैयाँलाई स्रोत नखुलाई हिमालयन रि-इन्स्योरेन्समा लगानी गरेको र ललितपुरको लामाटार लगायतका स्थानमा १५६ रोपनीभन्दा बढी जग्गा कम्पनीका नाममा खरिद गरी स्रोत लुकाएको पाइएको छ ।

यस प्रकरणमा श्रीराम टोबाको उद्योगका सञ्चालकहरू चुन्नप्रसाद शर्मा र कमलकिशोर मालपानीलाई भने सरकारी साक्षीका रूपमा प्रस्तुत गरिएको छ । उनीहरूले पौडेलकै दबाब र सहजीकरणमा भट्टलाई शेयर दिएको स्वीकार गर्दै अनुसन्धानमा सहयोग गरेकाले उनीहरूलाई सजायमा छुट दिइएको छ ।

■■■

## कुवेत गएका...

त्यसपछि उनीहरूले सामाजिक सञ्जालमार्फत राष्ट्रिय ट्रेड युनियन महासंघ नेपालले उद्धार गर्ने थाहा पाए । उद्धारका नाममा त्यहाँ पनि उनीहरूको ५० हजारभन्दा बढी खर्च भइसकेको छ । '२५ सय रजिस्ट्रेसन शुल्क र १० हजार ट्याक्सी भाडा लाग्छ भनिएको थियो । तर महासंघमा हालसम्म ३७ हजार बुझाइसक्यौं । कुवेतमा रहेका प्रतिनिधिलाई ट्याक्सी भाडा वापत २० हजार पनि पठाइसक्यौं,' सुनुवारले भने, 'अहिले के भइरहेको छ भनेर हामीलाई कुनै जानकारी दिइएको छैन ।'

महासंघका सचिव धनबहादुर राईले भने सेवावापत कुनै शुल्क अनिवार्य नगरेको बताए । 'शुल्क खासै लिएको छैन । दिनेले खुसीले दिए भने हो । नत्र शुल्क लिने भन्ने छैन,' राईले भने । दूतावासले गाडी नपठाउने भएकाले त्यहाँसम्म पुऱ्याउन ट्याक्सी भाडा चाहिँ पीडितले दिनुपर्ने उनले बताए । कुवेतमा रहेका आफ्ना प्रतिनिधिले पीडितको ठेगाना थाहा पाइसकेकाले उद्धारका लागि उनी त्यो घरबाट बाहिर निस्कनुपर्ने हुन्छ । ती महिलालाई बुधवार दूतावासमा पुऱ्याउने कुरा भएपनि त्यहाँ रहेका प्रतिनिधिबाट जानकारी लिएपछि मात्र पछिल्लो अवस्थाबारे थाहा हुने राईले बताए ।

कुवेतको श्रम बजारमा घरेलु कामदारको हिस्सा ठूलो छ । त्यहाँको केन्द्रीय तथ्याङ्क प्रशासनका अनुसार हाल विभिन्न मुलुकका सात लाख ३६ हजार घरेलु श्रमिक कार्यरत छन् । जसमध्ये ६.८ प्रतिशत अर्थात ५० हजारभन्दा बढी नेपाली रहेको पाइएको छ । यस्ता श्रमिकमा सबैभन्दा बढी दुई लाख १२ हजार जना घरेलु श्रमिक छिमेकी मुलुक भारतबाट छन् ।

पछिल्लो समय कुवेतमा ४५ हजारभन्दा बढी महिला गैरकानूनी रूपमा रहेको बताइने गरिएको छ । भिजिट भिजा, फ्रि-भिजा जस्ता बाहानामा अवैधानिक तवरबाट श्रमिक ओसारपसार गरेको खबरहरू बाहिरिसकेका छन् । नेपाल सरकारले त्यहाँ अवैधानिक रूपमा बसेकाहरूलाई पनि हेर्ने बताउँदै आएको छ । तर कानूनी जटिलताका कारण यस्ता श्रमिकको उद्धार कठिन हुँदै आएको छ ।

■■■

## इजरायलमा...

एरीबासले 'घरमा आधारित स्याहार सेवा' तथा 'कृषि श्रमिक'सम्बन्धी द्विपक्षीय सहमति कार्यान्वयनको चरणमा पुग्ने बताए ।

द्विपक्षीय श्रम सम्झौताअन्तर्गत इजरायल जाने नेपाली कामदारले इजरायली कानुनबमोजिम स्थानीय कामदारसरह न्यूनतम पारिश्रमिक तथा सेवासुविधा प्राप्त गर्नेछन् । इजरायल र नेपालबीचको श्रम सहकार्यलाई थप सुदृढ बनाउने दिशामा यो छनोट प्रक्रिया अर्को महत्वपूर्ण उपलब्धि भएको जनाउँदै दुवै देशले भर्ती प्रक्रियामा पारदर्शिता, निष्पक्षता र समान अवसरप्रतिको प्रतिबद्धता दोहोऱ्याएका छन् ।

इजरायली सरकारले छनोटमा परेका श्रमिकहरूको वरीयता सूची वैदेशिक रोजगार विभागलाई पठाइसकेको छ, जसका आधारमा अब श्रमिक पठाउने प्रक्रिया अघि बढाइनेछ ।

# सरकारको नीतिअनुसार मल बिक्री वितरण हुँदै आएको छ : साल्ट ट्रेडिङ

**नारायणगढ–** यहाँस्थित साल्ट ट्रेडिङ कर्पोरेसन शाखा कार्यालयले आर्थिक वर्ष २०८२/८३ को हालसम्म जिल्लामा ३५ हजार ८३८ बोरा युरिया, ४४ हजार ९४४ बोरा डीएपी र चार हजार ९४३ बोरा पोटास मल बिक्री वितरण गरिसकेको छ ।

हाल कार्यालयबाट नौ हजार २०० बोरा युरिया र एक हजार बोरा डीएपी बिक्री भइरहेको छ । थप बिक्रीका लागि कार्यालयमा सात हजार ८०२ बोरा युरिया, दुई हजार ८६६ बोरा डीएपी र १२ हजार ४२५ बोरा पोटास मौज्दात रहेको कार्यालयले जनाएको छ । हाल ५० केजी युरियाको मूल्य रु ८४७, डीएपीको रु दुई हजार २ ९७ र पोटासको रु एक हजार ६९७ कायम रहेको छ ।

जिल्लाका सूचीकृत बिक्रेतामार्फत सरकारले तोकेको अनुदानित मूल्यमा रासायनिक मल बिक्री वितरण भइरहेको शाखा कार्यालय प्रमुख बुद्धि विनोद दाहालले जानकारी दिए । दाहालले सरकारले दिएको जिम्मेवारीअनुसार रोपाइँखेतीको मुख्य याममा कृषकलाई मलको अभाव हुन नदिन समयमै अनुदानित रासायनिक मल उपलब्ध गराइ स्थानीय तहको सिफारिसका आधारमा बिक्री वितरण गर्दै आएको जानकारी दिए। दाहालले भने, 'सरकारबाट कर्पोरेसनले पाएको जिम्मेवारीअनुसार जुनसुकै असहज तथा कठिन परिस्थितिमा पनि खेतीको मुख्य याममा कृषकलाई मलको अभाव हुन नदिन सरकारबाट प्राप्त अनुदानित रासायनिक मल समयमै ल्याइ स्थानीय तहको सिफारिसका आधारमा बिक्री वितरण गर्दै आएका छौं ।'

कुन किसानले कति मल खरिद गरे भन्ने विवरण पारदर्शी बनाउन जिल्लाका सबै बिक्रेतालाई 'किसान व्यवस्थापन प्रणाली (फार्मर म्यानेजमेन्ट सिस्टम) सफ्टवेयरमा अनिवार्य रूपमा विवरण प्रविष्ट गराउने तयारी गरिएको छ । प्रमुख दाहालका अनुसार प्रमुख जिल्ला अधिकारीको संयोजकत्व तथा कृषि ज्ञान केन्द्रको समन्वयमा सबै स्थानीय तहको सहयोगमा बिक्रेतालाईयससम्बन्धीप्राविधिक तालिमसमेत प्रदान गरिएको थियो।

'सरकारबाट राष्ट्रिय मागको करिब ३० प्रतिशत रासायनिक मल आपूर्ति गर्ने जिम्मेवारी पाएको साल्ट ट्रेडिङले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्दै आएको छ', प्रमुख दाहालले भने। यसवर्ष रोपाइँका समयमा केही समय डीएपी मलको माग बढेकाले आपूर्तिमा चाप परेको बताए । उनका अनुसार रोपाइँको याममा युरिया मलको माग डीएपीभन्दा बढी हुने भएकाले यसको खपत उच्च रहने गरेको छ ।

गत आर्थिक वर्ष चितवनमा ४२ हजार २०१ बोरा युरिया, २१ हजार ५८४ बोरा डीएपी र एक हजार ८४२ बोरा पोटास बिक्री वितरण भएको कार्यालयले जनाएको छ । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७६।११।२३ मा दर्ता भएको प्रा.लि.नं. २३६०२९ को **आर.बि. नमोबुद्ध लेखापढी तथा भु सेवा केन्द्र प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/०१ गते**

यस कम्पनीको मिति २०८२/०९/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **जे.एम.डि. ग्लोबल प्रा.लि.** को नाम परिवर्तन गरी **जे.के. कम्पोसाईट्स नेपाल प्रा.लि. (दर्ता नम्बर ३८१६५४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०९/१४ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०७३/०३/१५ मा दर्ता भएको **प्रा. लि. नं. १५१५४३** को **सामुहिक डेण्टल केयर प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ (१) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७१/१२/११ मा दर्ता भएको **प्रा. लि. नं. १३३८४५** को **रङसिङ एकता ट्रान्सपोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Gulf Asia Manpower Pvt.ltd. (ई.प.नं. १२७८/०७४/७५) मा तपसिलका कर्मचारीहरू कार्यरत रही आएकोमा आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्वारा यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Citizenship No. |
|---|---|---|
| 1. | Umesh Singh Kushwaha | 182067/185 |
| 2. | Asmita Giri | 24-01-72-07757 |
| 3. | Ganga Maya Sarki | 04-01-02-06673 |

Gulf Asia Manpower Pvt.ltd. गल्फ एसिया मेनपावर प्रा.लि. A recruitment Company Govt. License No. 1278/074/75
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255

**नेपाल हर्वस ईण्डष्ट्रिज प्रा.लि., बिरगंज -१४, पर्सा, नेपालको सार्वजनिक सूचना**

**(प्रकाशित मितिः २०८३।०४।०१)**

यस उद्योगले निम्न बस्तुहरूको अधिकतम बिक्री मूल्य (MRP) तपसिल बमोजिम कायम गरेको ब्यहोरा सर्वसाधारणको अनकारीकोलागि प्रकाशित गरिएकोछ ।

| वस्तुको विवरण | ब्राण्ड | MRP प्रति इकाई |
|---|---|---|
| Newlook Bleaching Color Cream Platinumintense Blonde 100 ml/ 200 mlL | Newlook 000000/130 | रू.४००। |
| Newlook Box Hair Color Intense Red 60 ml// 100 ml | Newlook 6.6 | रू.३५०। |
| Newlook Box Hair Color Natural Brown 60 ml// 100 ml | Newlook 5.0 | रू.३५०। |
| Newlook Box Hair Color Night Red Brown 60 ml// 100 ml | Newlook 6.45 | रू.३५०। |
| Newlook Box Hair Color Purple Brown 60 ml// 100 ml | Newlook 5.66 | रू.३५०। |
| Newlook Color Developer 10 Volume 1000 ml | Newlook 3% | रू.५९०। |
| Newlook Color Developer 20 Volume 1000 ml | Newlook 6% | रू.५९०। |
| Newlook Color Developer 30 Volume 1000 ml | Newlook 9% | रू.५९०। |
| Newlook Color Developer 40 Volume 1000 ml | Newlook 12% | रू.५९०। |


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, १ साउन, २०८३

| | |
|---|---|
| मेष | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्च नियन्त्रणमा राखे आर्थिक सन्तुलन कायम रहनेछ । |
| वृष | परिवारसँगको सम्बन्ध अझ सुमधुर बन्नेछ । धैर्यका साथ काम गर्दा राम्रो परिणाम मिल्नेछ । |
| मिथुन | लामो समयदेखि रोकिएको काम अघि बढ्ने संकेत छ । अनावश्यक विवादबाट टाढा रहनु उचित हुनेछ । |
| कर्कट | आत्मविश्वास बढ्ने दिन छ । स्वास्थ्यमा सामान्य ध्यान दिनु राम्रो हुनेछ । |
| सिंह | कार्यक्षेत्रमा प्रशंसा र जिम्मेवारी दुवै बढ्न सक्छ । नयाँ योजना सुरु गर्न अनुकूल समय छ । |
| कन्या | अध्ययन, अनुसन्धान वा सीप विकासमा प्रगति हुनेछ । आर्थिक निर्णय सोचविचार गरेर गर्नुहोस् । |
| तुला | साझेदारीका काममा सफलता मिल्ने सम्भावना छ । आफन्तसँग भेटघाटले मन प्रसन्न रहनेछ । |
| वृश्चिक | मेहनतअनुसार उपलब्धि प्राप्त हुनेछ । रिस र आवेग नियन्त्रण गर्न सके दिन सहज रहनेछ । |
| धनु | यात्रा वा नयाँ अनुभवको अवसर मिल्न सक्छ । सकारात्मक सोचले काममा सफलता दिलाउनेछ । |
| मकर | अधुरा काम पूरा गर्ने राम्रो अवसर मिल्नेछ । आर्थिक पक्ष क्रमशः बलियो बन्दै जाने संकेत छ । |
| कुम्भ | साथीभाइको सहयोगले महत्वपूर्ण काम सम्पन्न हुनेछ । नयाँ सम्बन्ध विस्तार हुन सक्छ । |
| मीन | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । स्वास्थ्य, आराम र खानपानमा ध्यान दिनु लाभदायक हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१ साउन, २०८३ (१७ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५३.७२ | १५४.३२ |
| युरो | १ को | १७५.५१ | १७६.१९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.७८ | २०६.५९ |
| स्विस फ्रैन्क | १ को | १८९.५६ | १९०.३० |
| अस्ट्रेलियन डलर | १ को | १०७.३७ | १०७.७८ |
| क्यानाडियन डलर | १ को | १०९.३२ | १०९.७४ |
| सिङगापुर डलर | १ को | ११८.९६ | ११९.४३ |
| जापानी येन | १० को | ९.४७ | ९.५० |
| चिनियाँ युआन | १ को | २२.६९ | २२.७८ |
| साउदी अरब रियाल | १ को | ४०.९२ | ४१.०८ |
| कतारी रियाल | १ को | ४२.१६ | ४२.३३ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.८५ | ४२.०२ |
| मलेसियन रिङेट | १ को | ३७.६९ | ३७.८४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२९ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २३.४८ | २३.५७ |
| हङकङ डलर | १ को | १९.६१ | १९.६९ |
| कुवेती दिनार | १ को | ४९९.६६ | ५०१.६१ |
| बहराइन दिनार | १ को | ४०७.६९ | ४०९.२८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# तेस्रो अन्तरराष्ट्रिय आदिवासी मातृभाषा पत्रकारिता सम्मेलन हुँदै

**काठमाडौं–** नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) को आयोजना र नेवाः पत्रकार राष्ट्रिय दबुको संयोजनमा तेस्रो अन्तरराष्ट्रिय आदिवासी मातृभाषा पत्रकारिता सम्मेलन काठमाडौँमा हुने भएको छ ।

आगामी साउन २४ देखि २७ गतेसम्म हुने सम्मेलनमा फोनिजमा आबद्ध जातीय पत्रकार संगठनहरू तामाङ पत्रकार संघ, किरात राई पत्रकार संघ, तमु (गुरुङ) सञ्चारकर्मी संघ, थारु पत्रकार संघ नेपाल, मगर पत्रकार संघ, लिम्बू पत्रकार संघ र शेर्पा सञ्चार समूह सहआयोजक रहने छन् ।

संयुक्त राष्ट्रसंघले सन् २०२२-२०३२ लाई आदिवासी भाषाको अन्तरराष्ट्रिय दशकका रूपमा घोषणा गरी विश्वभर आदिवासी भाषाको संरक्षण, प्रवर्द्धन र पुनर्जीवनका लागि अभियान सञ्चालन गरिरहेका सन्दर्भमा, विश्व आदिवासी दिवस तथा फोनिजको २७औँ स्थापना दिवसको अवसर पारेर सम्मेलन आयोजना गर्न लागिएको फोनिजका अध्यक्ष लक्की चौधरीले जानकारी दिए ।

उनका अनुसार सम्मेलनको अन्त्यमा मातृभाषा पत्रकारिताको संरक्षण, प्रवर्द्धन र संस्थागत विकासका लागि आवश्यक नीतिगत सुधार, भाषिक अधिकारको सुनिश्चितता, आदिवासी सञ्चारमाध्यमको सुदृढीकरण तथा पत्रकारहरूको पेसागत सुरक्षासम्बन्धी साझा प्रतिबद्धता समेटेर 'काठमाडौं घोषणापत्र' जारी गरिनेछ ।

फोनिजका महासचिव बलामीका अनुसार सम्मेलनले नेपालसहित विश्वभरका आदिवासी मातृभाषा पत्रकारहरूबीच अनुभव आदानप्रदान, अन्तरराष्ट्रिय सहकार्य, ज्ञान साझेदारी तथा साझा अभियान निर्माण गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नेछ । सम्मेलनबाट मातृभाषा पत्रकारिताको दिगो विकास, पत्रकारहरूको क्षमता अभिवृद्धि तथा अन्तरराष्ट्रिय सञ्जाल विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

सम्मेलनमा विश्वभर आदिवासी मातृभाषा पत्रकारिताको वर्तमान अवस्था, अवसर र चुनौती, पत्रकारहरूको पेसागत, व्यावसायिक तथा भौतिक सुरक्षा, डिजिटल युगमा मातृभाषा सञ्चारको भविष्य, सञ्चार नीतिमा समावेशिता तथा भाषिक अधिकारका विषयमा गम्भीर छलफल हुनेछ ।

साथै आदिवासी समुदायको जल, जमिन, जङ्गल, जैविक विविधता, जडीबुटी तथा प्राकृतिक स्रोतसँगको सम्बन्ध, जलवायु परिवर्तनले आदिवासी समुदायमा पारेको प्रभाव तथा जलवायु न्यायमा सञ्चारमाध्यमको भूमिकामाथि पनि विभिन्न सत्रहरू सञ्चालन गरिनेछन् ।

सम्मेलनमा विज्ञहरूसहित २७ देशका करिब ६० जना अन्तरराष्ट्रिय मातृभाषी पत्रकार, फोनिजका देशभरका शाखाबाट करिब ३०० प्रतिनिधि तथा नेवाः पत्रकार राष्ट्रिय दबुबाट करिब ४० जना प्रतिनिधि, जातीय पत्रकार सङ्गठनहरूबाट करिब १०० जना सहित ५०० जनाभन्दा बढी मातृभाषी पत्रकार तथा सञ्चारकर्मीको सक्रिय सहभागिता रहने आयोजकले जनाएको छ ।

नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजातीय मुलुक भए पनि धेरै मातृभाषा लोपोन्मुख अवस्थामा पुगेका छन् । सूचना र सञ्चारको मूलधारमा मातृभाषाको प्रयोग सीमित हुँदै गएको तथा आदिवासी समुदायका आवाज पर्याप्त रूपमा प्रतिनिधित्व हुन नसकेको वर्तमान अवस्थामा मातृभाषा पत्रकारिताको संरक्षण, सुदृढीकरण र व्यावसायिक विकासका लागि साझा राष्ट्रिय तथा अन्तरराष्ट्रिय बहस आवश्यक रहेको आयोजकको भनाइ छ । फोनिजले सदस्यता विस्तार र पत्रकारहरूलाई प्रोत्साहनका लागि मधेस र लुम्बिनी प्रदेशमा फेलोसिप (शोधवृत्ति) कार्यक्रम पनि सञ्चालन गर्ने जनाएको छ । *रासस*

# पुराना सबै स्मार्ट लाइसेन्स छपाइ सम्पन्न, नयाँ २४ घण्टाभित्रै

**काठमाडौं–** लामो समयदेखि छपाइ हुन बाँकी रहेका सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) को छपाइ कार्य सम्पन्न भएको छ । साथै अब नयाँ सवारी चालक अनुमतिपत्रका लागि यातायात व्यवस्था विभागबाट विवरण प्राप्त भएको २४ घण्टाभित्रै छपाइ गरी विभागलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको सूचना तथा सञ्चार मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार मन्त्रालय, सुरक्षण मुद्रण केन्द्र र पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको यातायात व्यवस्था विभागबीच भएका दुई चरणका सम्झौताअनुसार विभागबाट प्राप्त विवरणका आधारमा कुल २७ लाख स्मार्ट लाइसेन्स छाप्ने कार्य सम्पन्न गरिएको हो । मन्त्रालयले यससँगै विगतदेखि रहँदै आएको लाइसेन्स छपाइको 'ब्याकलग' पूर्ण रूपमा अन्त्य भएको जनाएको छ ।

पहिलो चरणमा २०८२ कात्तिक १२ गते भएको सम्झौताअनुसार निर्धारित समयभित्र १२ लाख स्मार्ट लाइसेन्स छापिएको थियो । त्यसपछि बाँकी रहेका आवेदन व्यवस्थापन गर्न २०८३ वैशाख ४ गते दोस्रो चरणको सम्झौता गरी थप १५ लाख अनुमतिपत्र छाप्ने कार्य सुरु गरिएको थियो । उक्त दोस्रो चरणको काम पनि २०८३ असार ३२ गते सम्पन्न भएसँगै कुल २७ लाख स्मार्ट लाइसेन्सको छपाइ सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

हाल सुरक्षण मुद्रण केन्द्रले ट्रायल परीक्षा उत्तीर्ण गरी राजस्व बुझाएका तथा अनुमतिपत्र नवीकरण गरेका सेवाग्राहीको यातायात व्यवस्था विभागबाट दैनिक प्राप्त हुने करिब तीन हजारदेखि पाँच हजार विवरणका आधारमा २४ घण्टाभित्रै स्मार्ट लाइसेन्स छापेर विभागलाई हस्तान्तरण गर्दै आएको पनि मन्त्रालयले जनाएको छ । यस व्यवस्थाबाट नयाँ लाइसेन्स वितरण प्रक्रिया थप छिटो र व्यवस्थित भएको छ ।

मन्त्रालयका अनुसार सुरक्षण मुद्रण केन्द्रमार्फत अब सातै प्रदेश सरकार तथा सम्बन्धित यातायात मन्त्रालयसँग समन्वय गरी सवारी चालक अनुमतिपत्र छपाइसम्बन्धी सम्झौता गर्ने तयारी भइरहेको छ । सुरक्षण मुद्रण केन्द्रका अनुसार सवारी चालक अनुमतिपत्रसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र, अन्तःशुल्क स्टिकर, हुलाक टिकट तथा जग्गाधनी प्रमाणपत्रलगायत अन्य सुरक्षण मुद्रण सामग्री पनि स्वदेशमै उत्पादन गर्ने तयारी भइरहेको छ ।

यस्ता सुरक्षण मुद्रण सामग्री स्वदेशमै उत्पादन हुन थालेपछि विदेशिने करोडौँ रूपैयाँ बचत हुनुका साथै स्वदेशभित्रै पुँजी परिचालन, रोजगारी सिर्जना र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुग्नेछ । *रासस*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०८१।०९।०८ मा दर्ता भएको प्रा.लि.नं. ३५७७९० को **दिगो फर्मास्युटिकल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६६।१२।२५ मा दर्ता भएको प्रा.लि.नं. ७२०७२ को **लिस्ती विजनेश प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**काठ शिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८३/04/01 गते**

सिस्नेखर्क सा.व.उ.स., माई न.पा. १० इलामको वनबाट उत्पादन भई समूहको घाटगद्धीमा लट बनाई राखिएका काठहरु डि.व.का. इलामको लिलाम सहमती अनुसार चिलाउने गोलिया थान १३ को १५२.९१ क्यू.फि. र अन्य गोलिया थान ७ को ११०.४१ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सिस्नेखर्क सा.व.उ.स., माई न.पा. १०, इलाम**

**शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८३/04/01 गते**

यस महादेवस्थान सा.व.उ.स. मरिन गा.पा.-०७, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को नियमानुसार कटान मुछान भइ उत्पादित खयर काठ समुहको भलाय खारेमा घाटगद्धीमा रहेको विभिन्न ग्रेडका खयर जातको गोलिया थान ८३२को ९८०.८१ क्यूफिट काठ जे जस्तो अबस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सुचना टाँस गरिएको छ ।

**-अध्यक्ष**
**महादेव स्थान सा.व.उ.स., मरिन गा.पा-07, सिन्धुली**

# चितवनमा वर्ष दिनमा २७४ जनालाई डेंगु

**चितवन–** चितवन जिल्लामा गएको एक वर्षमा २७४ जनामा डेंगु रोगको संक्रमण देखिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालयका कीट नियन्त्रक राम केसीका अनुसार १० हजार ५२३ जनाको परीक्षण गरिएकामा उक्त सफ्यामा डेंगुको संक्रमण देखिएको हो । संक्रमितमध्ये २१६ जना चितवन र बाँकी ५८ जना अन्य जिल्लाका रहेका छन् । त्यसमध्ये सबैभन्दा बढी रत्ननगर नगरपालिकामा ८७ जनामा डेंगु देखिएको केसीले बताए ।

भरतपुर महानगरपालिकाका ५६ जना, खैरहनी नगरपालिकामा ३५ जना, राप्ती नगरपालिकाका २१ जना, कालिका नगरपालिकाका ११ जना, माडी नगरपालिकाका तीन जना र इच्छाकामना गाउँपालिकाका तीन जनामा डेंगुको संक्रमण देखियो ।

गत आर्थिक वर्षमा तीन हजार ८८९ जनामा डेंगुको संक्रमण देखिएको थियो । १७ हजार ३५३ जनाको परीक्षणका क्रममा उनीहरूमा डेङ्गु देखिएको केसीले बताए । सो आर्थिक वर्षमा डेंगुका कारण एक जनाको मृत्यु भएको थियो ।

वर्षा हुने र घाम लाग्ने हुँदा लामखुट्टेका लागि अनुकूल वातावरण बन्ने भएकाले विशेष गरी भदौ र असोजमा डेंगु रोग बढी देखिने गरेको छ । एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट डेङ्गु रोग सर्ने चिकित्सक बताउँछन् । उक्त लामखुट्टेले प्रायः बिहान र बेलुकाको समयमा टोक्ने केसीले जानकारी दिए ।

उक्त लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रमहरू, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुला पानीको ट्याङ्की, आदिमा फुल पार्ने उनको भनाइ छ । डेंगु लागेपछि आँखाको गेडी तथा टाउको, शरीर, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने तथा शरीरमा बिबिरा आउने रक्तस्राव हुने र उच्च ज्वरो आउने जस्ता लक्ष्यण देखापर्ने जिल्ला जनस्वास्थ्य कार्यालयको भनाइ छ ।

वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने जस्ता लक्षण देखापर्छ । डेङ्गु ज्वरोबाट बच्नु लामखुट्टेको टोकाइबाट जोगिन पर्ने जनस्वास्थ्य कार्यालय चितवनले जनाएको छ । यस्तै आफू बस्ने ठाउँ वरिपरि फालिएका खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रम, पुराना टायर आदिमा पानी जम्न नदिने रहेको केसीले बताए । *रासस*


**युएइमा रोजगार** — कम्पनी : DISCOVERY EMPLOYMENT LLC — शहर : ABU DHABI
पूर्व स्वीकृति मिति : २०८३/03/३२ — LT. No. 345034 — चलानी नं. ६०२५८२९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Steel Fixer | 15 | 0 | 1500 | ६२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter (Construction) | 20 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 3 | All Mason | 20 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 4 | Building Construction Labor | 20 | 0 | 1000 | ४१,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np



**युएइमा रोजगार** — कम्पनी : LARSEN & TOUBRO LIMITED ECC CONSTRUCTION GROUP ABU DHABI
पूर्व स्वीकृति मिति : २०८३/03/१४ — LT. No. 344952 — चलानी नं. ६०२५८३३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT STONE MASON | 14 | 0 | 1200 | ५०,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 4 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 3. | CARPENTER ASSISTANT | 8 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 4. | Cleaner General | 2 | 0 | 1000 | ४१,७०५ | | | | | | | |
| 5. | Concrete Masons | 4 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 6. | Electrician Assistant | 2 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 7. | Electricians | 2 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 8. | Helper | 140 | 0 | 1000 | ४१,७०५ | | | | | | | |
| 9. | Pipe Fitter | 2 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 10. | Reinforce Fitter Assistant | 22 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 11. | Steal Fixer | 4 | 0 | 1500 | ६२,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
Mirchaiya Technical & Training Center, Siraha मा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ । Co. No: +977 9807749131/9817733056
Ram Janaki Training Center, Janakpurमा मिति: २०८३ साउन १६ गते (1 Aug 2026) मा हुनेछ । Co. No: +977 9817876057/9801303131
Pigeon Head Office, Kathmandu मा मिति: २०८३ साउन २२ गते (7 Aug 2026) मा हुनेछ । Co. No: +977 9851009224

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



**युएइमा रोजगार** — कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१२/२५ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/३२ — LT. No. 321595 — चलानी नं. ६०२३५७१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 196 | 0 | 1000 | ४१,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com



**कुवेतमा रोजगार** — कम्पनी : AFRIN ALWATANIYA CO. FOR GENERAL CLEANING CONTRACTING FOR BUILDINGS AND CITIES
पूर्व स्वीकृति मिति : २०८२/१०/१५ — LT. No. 337991 — चलानी नं. ६०२५१४६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 1 | 150 | ७४,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Helper | 4 | 0 | 100 | ४९,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



**जापानमा रोजगार** — कम्पनी : ASEAN COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८३/03/३२ — LT. No. 345054 — चलानी नं. ६०२५८२९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plastering | 3 | 0 | 245101 | २,३१,६३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. १३६३/०७४/०७५
INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu, Nepal, Phone: (+977) 4112800, Padam Mainali 9813534349, Email: inspireintemp@gmail.com


**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८३ साल साउन महिना १ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय दमौलीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

काले कामीको नाति समसेर वहादुर कामीको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **संदिप विश्वकर्मा** (ना.प्र.नं. : ४३-०१-७६-०७०५५ जारी मिति र जिल्ला : २०७६/०८/२२, तनहुँ)

**व्यक्तिगत धनजमानीहरुको विवरण**

१) कासे कामीको नाति काले कामीको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **समसेर वहादुर कामी** (ना.प्र.नं. : १३८३ जारी मिति र जिल्ला : २०४१/०१/२०, तनहुँ)

२) चन्द्र वहादुर के.सी.को नाति भीम वहादुर के.सी.को छोरा तनहुँ जिल्ला मिर्लुङ गा.वि.स. वडा नं. २ हाल, व्यास न.पा. वडा नं. १ बस्ने **अर्जुन वहादुर के.सी.** (ना.प्र.नं. : ६३८८ जारी मिति र जिल्ला : २०४८/०७/१४, तनहुँ)

**२) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

काले कामीको नाति समसेर वहादुर कामीको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **संदिप विश्वकर्मा** (ना.प्र.नं. : ४३-०१-७६-०७०५५ जारी मिति र जिल्ला : २०७६/०८/२२, तनहुँ)

**व्यक्तिगत धनजमानीहरुको विवरण**

१) रिम वहादुर थापाको नाति शेर वहादुर थापाको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ३ बस्ने **दिपक थापा** (ना.प्र.नं. : ४३१००१/२९०५ जारी मिति र जिल्ला : २०७०/०३/३०, तनहुँ)

२) चन्द्र वहादुर के.सी.को नाति भीम वहादुर के.सी.को छोरा तनहुँ जिल्ला मिर्लुङ गा.वि.स. वडा नं. २ हाल, व्यास न.पा. वडा नं. १ बस्ने **अर्जुन वहादुर के.सी.** (ना.प्र.नं. : ६३८८ जारी मिति र जिल्ला : २०४८/०७/१४, तनहुँ)

३) काले कामीको नाति शम्सेर वहादुर वि.क.को छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **सुमन वि.क.** (ना.प्र.नं. : ४३१००१/११३५१२ जारी मिति र जिल्ला : २०६५/११/२८, तनहुँ)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
मिति २०८२/१२/०६ को आर्दश समाज राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
मिति २०८३/०२/२६ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाक बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| संदिप विश्वकर्मा | तनहुँ जिल्ला केसवटार वडा नं. ७ | ७ग | ८२८ | २-२-२-२ |
| | तनहुँ जिल्ला कर्लुङ वडा नं. १ | १क | १८८ | ०-१३-३-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल साउन महिना १५ गते शुक्रबार भित्र यस बैकको शाखा कार्यालय दमौली आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल साउन महिना १८ गते सोमबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय दमौलीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदावी गर्न आउने बारेको ३५ दिने सूचना**

प्रकाशित मिति २०८३/०४/०१ गते

यस कार्यालयमा मिति २०७८/०६/१४ मा दर्ता भएको **युनियन फिजिकल ट्रेनिङ सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि.नं. २७३८३४)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०८०/०३/१३ मा दर्ता भएको **प्रा. लि. नं. ३१४६६६** को **सुनौलो पेन क्लिनिक एण्ड फिजियोथेरापी सेन्टर** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कांग्रेस-एमालेको अस्वभाविक कलह

**संघको निर्वाचनमा नराम्रोसँग हारेर कमजोर प्रतिपक्षमा खुम्चिएको नेपाली कांग्रेस र नेकपा एमाले अहिले प्रदेशको सत्ता समीकरण फेर्ने दौडमा उत्रेको छ । कांग्रेसले सातै प्रदेशको समीकरण तोड्ने घोषणा गर्दा एमाले भने मौन सुनिएको छ ।  अहिले राष्ट्रिय सभा, प्रदेश सभा र स्थानीय तहमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टीको हालीमुहाली छ । प्रतिनिधि सभामा भने गत फागुन २१ गते भएको निर्वाचनले यी दलको अवस्था निकै कमजोर बनेर राष्ट्रिय स्वतन्त्र पार्टी १८२ सिटसहित शक्तिशाली बन्यो ।**

**प्रदेश र स्थानीय तहमा निर्वाचन हुन अब केही समय बाँकी छ । यही मुखमा कांग्रेस र एमाले भने सत्ता समीकरणको होडमा निस्किएको हो । सत्ताको कूर्सीमात्र ताक्ने कांग्रेस – एमालेको यही बानीका कारण फागुन २१ को निर्वाचनमा जनताले नयाँ दल रोजे । ठुला र शीर्ष दल भन्दै हुँकार छाड्ने यी दल यसरी भित्तामा पुग्दा पनि अझै चेतेको देखिन्न । अन्तिमसम्म पनि सत्ताको ललीपपमा लोभिइरहेको देखिँदा अबको प्रदेश र स्थानीय तहको निर्वाचनमा पनि यी दल बढारिने संकेत देखिन्छ । झन्डै घाम झैं छर्लाङ्ग हुन लागेको यो कुरा कांग्रेस–एमालेलाई कसले सम्झाइदिने ?**

**दुई दलले बजेटलाई सत्ता यात्रा टुङ्ग्याउने झगडाको बीउको रूपमा लिएको छ । यता कांग्रेसले आलोपालो नीतिअनुसार अब मुख्यमन्त्री फेर्नुपर्ने रटान शुरु गरेको छ । जब जब कमजोर हुँदै जान्छ, तब तब एकले अर्कोलाई दोष देखाउँदै झगडा गर्ने पुरानै बानी पुरानो दलमा पनि सल्किएको छ ।**

**नयाँ दलले संघमा सरकार बनाएसँगै अपरिपक्वता प्रदर्शन गरिरहेको बेला कांग्रेस–एमालेले केही सहनुभूति बटुलिरहेको थियो । तर यो सत्ताको लुछाचुँडीले भने फेरि जनता कांग्रेस–एमालेसँग अझै आक्रोशित हुन थालेका छन् । एक त आफ्नै दलभित्र चरम झगडा छ । त्यसमाथि विकास र स्थिरता चाहेको जनताले सत्ताको हेरफेर रुचाइरहेका छैनन् । त्यसै त व्यवस्थाविरोधीहरूको निशानामा प्रदेश र लोकतन्त्र मान्ने दलहरूमाथि परेको छ, त्यसमाथि कांग्रेस–एमालेको यो दाउपेचले उनीहरूको मुद्दा बलियो बन्ने देखिन्छ ।**

**लोकतन्त्रलाई बलियो बनाउने हो भने कांग्रेस–एमालेले तत्कालका लागि यस्तो गडबढी गर्न हुन्न । नयाँ दलबाट जनताले आशा गर्ने ठाउँ नपाउँदा सम्झने पुरानालाई नै हो । आफूलाई पुनस्थापना गर्ने चाहना यदि कांग्रेस–एमालेले राख्छ भने प्रदेशको सरकार चलाइराख्न हुन्न । जनताको विश्वास जितेर फेरि अघि बढ्न यस्ता स्वार्थपूर्ण कलहलाई तत्काल त्याग्नुपर्छ ।**

**श्रम सरोकार**

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

१) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# ऊर्जा रूपान्तरणका लागि नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता



❑ डा. रणबहादुर थापा

> “ विश्वभरका धेरै देशहरूले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धन, विकास र विस्तार गर्ने सम्बन्धमा छुट्टाछुट्टै वा संयुक्तरूपमा उपयुक्त नीति, योजना, कार्यक्रम, परियोजना निर्माण गरेर अधिकार प्राप्त संस्थामार्फत सफलतापूर्वक आ-आफ्ना नागरिकहरूलाई सस्तो, दिगो, भरपर्दो तथा स्वच्छ ऊर्जाको पहुँच सुनिश्चित गराई सामाजिक न्यायसहितको आर्थिक विकास गर्न सफल भएका छन् । नेपालमा पनि हालैका वर्षहरूमा यी सबै पक्षहरूको सिकाइबाट कानुनबाटै सबल संस्था स्थापना गरी सरोकारवालाहरूको निकट समन्वय, सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताका सबल पक्षहरूको अवलम्बन गर्दै अगाडि बढ्ने प्रयास भइरहेको छ ।

नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताले देशमा आर्थिक वृद्धि, ऊर्जा सुरक्षा, ऊर्जाका स्रोतहरूको विविधीकरण र जलवायु परिवर्तनमा योगदान पुर्‍याउँछन् । विश्वभरका विभिन्न समुदायहरू यी दुवै क्षेत्रको प्रवर्द्धन तथा विस्तार गर्न आवश्यक नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन गरी पहिले नै अभ्यस्त भएको पाइन्छ । नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका गतिविधिहरूबीचको घनिष्ठ सम्बन्धले अझ बढी लाभ प्रदान गर्न सक्छन्, जसका लागि राज्यले दुवै पक्षको प्रवर्द्धन र विस्तारयोग्य नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन गरी एक-आपसको तादम्यताबाट अधिकरूपमा लाभ लिन सकिने सम्भावनाहरू छन् ।

ऊर्जा दक्षता भन्नाले थोरै ऊर्जा प्रयोग गरेर बढी मात्रामा काम गर्नु हो । यसको अर्थ ऊर्जाका स्रोतहरूको प्रयोग गर्दा त्यस्तो उपकरण तथा विधि अपनाइन्छ, जसले कम ऊर्जा खर्च गरेर पनि राम्रो नतिजा हासिल गर्दछ । त्यसैगरी, नवीकरणीय ऊर्जा भन्नाले त्यस्ता स्रोतहरूलाई जनाइन्छ, जुन प्राकृतिकरूपमा पुनः प्राप्त हुन्छन् र कहिल्यै सकिँदैनन् । सरल भाषामा, ऊर्जा दक्षता भन्नाले चुहावट घटाएर बाल्टिनलाई सानो बनाउनु हो भने नवीकरणीय ऊर्जा भनेको बाल्टिनलाई सफा पानी अर्थात् स्वच्छ ऊर्जाले भर्नुजस्तो हो । नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता, भविष्यको दिगो र भरपर्दो ऊर्जाका लागि महत्त्वपूर्ण घटकहरू हुन्, जसलाई ‘जुम्ल्याहा स्तम्भहरू’ पनि भनिन्छ ।

ऊर्जा दक्षताले ऊर्जाको मागमा कमी ल्याउने र नवीकरणीय ऊर्जाले स्वच्छ ऊर्जाको आपूर्ति बढाउने हुँदा दिगो ऊर्जा प्रणालीमा अझ छिटो र प्रभावकारीरूपमा ऊर्जा रूपान्तरणको प्राप्ति हुन्छ । नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताबीचको तादम्यताबाट देहायबमोजिम कायम हुने गर्दछः

## समयमा तादम्यता

ऊर्जा दक्षताको ऊर्जा-बचत क्षमता छोटोदेखि मध्यम अवधिमा प्रभावकारी हुन्छ, तर यो अनन्तकालसम्म सम्भव हुँदैन । त्यसैले, अल्पकालमा ऊर्जा आपूर्ति गर्न र दीर्घकालमा अवसर विस्तार गर्न नवीकरणीय ऊर्जाको आवश्यकता पर्दछ ।

## आर्थिक तादम्यता

अधिकांश अध्ययनहरूले ऊर्जा दक्षतामा ऊर्जा उत्पादन गर्ने प्रविधिहरूको तुलनामा ऊर्जाको सबैभन्दा कम लागत लागेको देखाएका छन् । साथै, नवीकरणीय ऊर्जाका प्रविधिहरू परम्परागत तथा आयातीत ऊर्जा उत्पादन प्रविधिहरूसँग लागतको आधारमा प्रतिस्पर्धा गर्न सक्षम छन् । तसर्थ, एकै समयमा दुवै समाधानहरू प्रयोग गर्दा ऊर्जा प्रणालीको समग्र लागत कम गर्न सकिन्छ । यसबाहेक विभिन्न क्षेत्रमा लगानी र रोजगारी सिर्जना गरेर आर्थिक वृद्धि हासिल गर्न सकिन्छ ।

## भौगोलिक तादम्यता

नवीकरणीय ऊर्जाको सम्भाव्यता भौगोलिक अवस्थामा निर्भर हुन्छ, जबकि अधिकांश ऊर्जा दक्षताका समाधानहरू स्थान-विशिष्ट हुँदैनन् । तसर्थ, उपयुक्त नवीकरणीय ऊर्जाको सम्भाव्यता नभएका स्थानहरूमा ऊर्जा दक्षताले ऊर्जाको मागमा कमी ल्याई न्यूनतम् नवीकरणीय वा उपलब्ध अन्य ऊर्जाबाट आपूर्ति गरी तादम्यता कायम गर्न सकिन्छ ।

## विद्युत्शक्ति प्रणाली तादम्यता

प्रसारण प्रणालीको भारमा ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको प्रभाव समयको साथ भिन्न हुन्छ । उदाहरणका लागि गर्मीको समयमा ऊर्जा दक्षताले भार कम गर्न सक्छ र नवीकरणीय ऊर्जा प्रविधिहरूले बाँकी भार पूरा गर्नसक्छन् । साथै, तिनीहरूले आपूर्तिका स्रोतहरू विविधीकरण गरेर प्रसारण प्रणालीलाई थप विश्वसनीय बनाउन मद्दत गर्दछन् ।

नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतालाई संयुक्तरूपमा कार्यान्वयन गर्दा कूल ऊर्जाको माग घटाउने, कूल राष्ट्रिय ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा बढाउने, ऊर्जा उत्पादनको लागतमा कमी ल्याउने, ऊर्जा स्रोतहरूको विविधता वा सम्मीश्रण सुनिश्चित गरी प्राकृतिक प्रकोपमा अनुकूलन हुन मद्दत गर्ने, ऊर्जा प्रणालीको समग्र सुरक्षामा अभिवृद्धि गर्ने, ऊर्जाको मूल्य घटाएर, लगानीबाट रोजगारी सिर्जना गरी राष्ट्रको आर्थिक वृद्धिमा टेवा पुर्‍याउने तथा विश्वव्यापी कार्बन कटौती गरी जलवायु परिवर्तन न्यूनीकरणमा ठूलो भूमिका खेल्नसक्दछ । नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताबीच तादम्यता कायम गर्न विश्वव्यापी अनुभवका आधारमा देहायबमोजिमको रणनीति बनाई संयुक्तरूपमा लागू गर्नुपर्ने हुन्छः

## ऊर्जाको मागमा कमी ल्याउने रणनीति

ऊर्जा दक्षताले कम ऊर्जाको प्रयोगबाट समान परिणाम प्राप्त गर्ने काम गर्दछ । यो विभिन्न उपायहरूमार्फत प्राप्त गर्न सकिन्छ । ऊर्जा दक्षतायुक्त उपकरणहरूको प्रयोग गरेर, भवन निर्माणमा इन्सुलेसनको प्रयोग गरेर, औद्योगिक प्रक्रियाहरू अनुकूलन गरेर, विद्युतीय गाडीको प्रयोग गरेर आदि तरिकाबाट ऊर्जाको मागमा कमी ल्याउन सकिन्छ ।

यसरी ऊर्जा दक्षताले समग्र ऊर्जाको माग घटाएर, बाँकी ऊर्जाको आवश्यकता नवीकरणीय ऊर्जाबाट पूरा गर्न सहज बनाउँछ । यसले नवीकरणीय ऊर्जा प्रणालीमा छिटो रूपान्तरण गर्दै कार्बन कटौती (डिकार्बोनाइजेसन) को समग्र लागत घटाउन मद्दत गर्दछ ।

## ऊर्जाको आपूर्तिमा वृद्धि गर्ने रणनीति

सौर्य, वायु, जलस्रोत, तथा भू-तापीयजस्ता नवीकरणीय ऊर्जा प्रविधिहरूले परम्परागत-जीवाष्म इन्धन तथा आयातीत ऊर्जाको विकल्प प्रदान गर्दछन् । यी ऊर्जाहरू प्राकृतिकरूपमा उपलब्ध हुने, स्वच्छ तथा प्रदूषणरहित हुन्छन् । नवीकरणीय ऊर्जा, ऊर्जा दक्षतासँग संयुक्त प्रयोग हुन्छ, नवीकरणीय ऊर्जाको बढ्दो आपूर्तिले अधिक सुरक्षित र किफायती ऊर्जा प्रणालीको सुनिश्चित गर्न सक्दछ ।

## उपयुक्त नीति तथा प्रविधिको उपयोग गर्ने रणनीति

भविष्यमा दिगो ऊर्जा हासिल गर्न ऊर्जा दक्षता र नवीकरणीय ऊर्जा प्रविधि दुवैमा निरन्तर नवीनता अपरिहार्य छ । यसका अलावा, उपयुक्त नीतिहरू, निरन्तर नवीनतम् प्रविधिहरूको उपयोग तथा त्यससम्बन्धी सहज नीति निर्माण गरी दुवै पक्षलाई प्रोत्साहित गरेर सकारात्मक प्रतिक्रिया लुप सिर्जना गर्दै एकापसमा तादम्यता कायम गर्न आवश्यक हुन्छ ।

**पर्याप्त रणनीतिक सुधार**

उपयुक्त रणनीति दैनिक दिनचर्या र जीवनशैलीको मूल्यांकनको साथ सुरु हुन्छ, ताकि तिनीहरूको मागसँग मिलान गर्न सकियोस् । यसको परिणामले आवश्यकतामा कमी ल्याउन, प्रतिस्थापन गर्न र अनुकूलनका लागि सक्षम हुन प्रेरित गर्दछ । यसरी भविष्यमा दिगो ऊर्जा हासिल गर्न ऊर्जा दक्षता र नवीकरणीय ऊर्जा प्रविधि दुवैमा तादम्यता कायम गर्न ऊर्जाको उपयोग गर्ने निकायहरूलाई ऊर्जाको आवश्यकतामा कमी ल्याउन, प्रतिस्थापन गर्न र अनुकूलनका लागि सक्षम हुन प्रेरित गर्ने उपयुक्त रणनीति बनाई कार्यान्वयन गर्नुपर्दछ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताबीचको तादम्यता कायम गर्न सकिने विभिन्न उपायहरू छन् । ऊर्जा आपूर्ति शृंखलाको प्रत्येक चरण (प्राथमिक ऊर्जाको स्रोतदेखि उपयोगसम्म) मा चुहावटहरू हुन्छन् । तसर्थ, ऊर्जा आपूर्तिको हरेक चरणमा समग्र प्रणालीको दक्षता बढाउने प्रचुर सम्भावना रहन्छ । नवीकरणीय ऊर्जा, भार केन्द्रको नजिकै हुने, थर्मल ऊर्जा रूपान्तरणको आवश्यकता नपर्ने र धेरै दूरीमा प्रसारण गर्न नपर्ने साथै स्वयं कुशल हुनुले यसबाट अधिक मात्रामा प्राथमिक ऊर्जा उपलब्ध हुन्छ । विकेन्द्रीकृत नवीकरणीय ऊर्जाको प्रयोगले सम्भावित चुहावटहरू पनि कम गर्दछ । प्रकाश उत्सर्जन डायोड लिड बल्ब ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाबीच तादम्यता सिर्जना गर्ने प्रमुख उदाहरण हो, जसले परम्परागत इन्केन्डिसेन्ट बल्बको तुलनामा छदेखि आठ गुणा अधिक कुशलतापूर्वक समानस्तरको प्रकाश उपलब्ध गराउँछ ।

त्यसैगरी, जैविक ऊर्जामा आधारित सुधारिएको चुलो तथा नवीकरणीय ऊर्जामा आधारित विद्युतीय चुलोहरू, यी दुवै पक्षमा प्रभाव पार्ने प्रविधिहरू हुन् । परम्परागत चुलोको तुलनामा सुधारिएको चुलोले दुई/तीन गुणा अधिक कुशलतापूर्वक समानस्तरको खाना पकाउने ऊर्जा उपलब्ध गर्दछ, जुन वातावरणमैत्री हुनुका साथै आधुनिक तथा स्वच्छ पनि हुन्छ । त्यसैगरी, विद्युतीय चुलोबाट पनि परम्परागत चुलोको तुलनामा दुईदेखि छ गुणा बढी कुशलतापूर्वक समानस्तरको खाना पकाउने सेवा प्राप्त गर्न सकिन्छ, जुन तुलनात्मकरूपमा सबैभन्दा स्वच्छ र आधुनिक पनि छ ।

यातायात क्षेत्रमा आन्तरिक दहन इञ्जिन सवारीसाधनको सट्टा विद्युतीय सवारीसाधनको प्रयोगले दुईदेखि चार गुणा बढी कुशलतापूर्वक समानस्तरको यातायात सुविधा प्राप्त हुन्छ । यसरी परम्परागत इञ्जिनको तुलनामा नवीकरणीय ऊर्जामा आधारित विद्युतीय सवारीसाधनले यातायात क्षेत्रलाई कम कार्बन उत्सर्जन वा शून्य कार्बन अवस्थामा पुर्‍याउन ठूलो मद्दत गर्दछ । तापीय पम्पजस्ता प्रविधिले ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाबीच प्राविधिक र आर्थिक तालमेल गर्दछ । तापीय पम्पले औद्योगिक र व्यावसायिक भवनहरूका लागि आवश्यक समानस्तरको ताप माग परम्परागत बोइलरको तुलनामा चार/पाँच गुणा अधिक कुशलतापूर्वक पूरा गर्दछ । यदि, यसलाई नवीकरणीय ऊर्जा आपूर्तिको साथ उपयोग गरेमा समग्र प्रणाली दक्षता अधिक कुशल विद्युत् उत्पादन र प्रसारणको कारण अझ बढी हुन्छ ।

खुद-शून्य ऊर्जा भवन अर्को उदाहरण हो, जसमा ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको संयोजनबाट खासगरी व्यावसायिक भवनहरूमा भवनबाट हुने वार्षिक नवीकरणीय ऊर्जा र भवनमा ग्रीडबाट प्राप्त हुने वार्षिक ऊर्जाबराबर हुनेगरी डिजाइन भएको भवन खुद-शून्य ऊर्जा भवन हो । यस्ता भवनहरूमा उच्च दक्षता भएका उपकरणहरू, उपयुक्त इन्सुलेसनयुक्त निर्माण सामग्रीसहित उचित तापीय, भेन्टिलेसन तथा एयर कण्डिसनिङ प्रणालीको सुनिश्चित गरिएको हुन्छ । परम्परागत व्यावसायिक भवनको तुलनामा यस्ता भवनहरू ३० देखि ८० प्रतिशतसम्म ऊर्जा कम गर्न सक्षम भएको पाइन्छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको संयुक्त कार्यान्वयनको सम्भावना ऊर्जा दक्षताका विभिन्न उपायहरू र नवीकरणीय ऊर्जाका सम्भावनाहरूको द्रुत विकास र विस्तारबाट समग्र ऊर्जा प्रणालीमा नवीकरणीय ऊर्जाको हिस्सामा थप वृद्धि र ऊर्जा दक्षतामा अधिक छिटो सुधार हुन्छ । सन् २०१५ मा अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीको एक अध्ययनले नवीकरणीय ऊर्जा मार्गचित्र र ऊर्जा दक्षताका उपायहरू छुट्टाछुट्टै र संयोजनमा कार्यान्वयन गर्दाको अनुभव प्रस्तुत गरेको थियो । यसअनुसार सन् २०३० सम्म छुट्टाछुट्टै कार्यान्वयन गर्दा नवीकरणीय ऊर्जाबाट ऊर्जा बचत पाँचदेखि १० प्रतिशत, ऊर्जा दक्षताबाट ऊर्जा बचत नौदेखि १९ प्रतिशत पाइयो भने संयुक्तरूपमा कार्यान्वयन गर्दा १९-२५ प्रतिशतसम्म ऊर्जा बचत भएको पाइयो ।

सो एजेन्सीका अनुसार ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाका उपायहरूले विश्वव्यापी तापमान वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियस तल सीमित गर्न आवश्यक कार्बन कटौतीको लगभग ९० प्रतिशतसम्म प्राप्त गर्नसक्छ । यसका लागि ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाका उपायहरूको संयुक्त कार्यान्वयनले विश्वव्यापी कार्बन कटौती तथा जलवायु परिवर्तन न्यूनीकरणमा ठूलो भूमिका खेल्दछ । यसरी ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाका उपायहरूको संयुक्त कार्यान्वयन गर्ने सम्भावना भएता पनि यसको तादम्यताको अवसर देशअनुसार फरक-फरक हुन्छ । देशअनुसार ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको तादम्यतामा ऊर्जा माग संरचना, माग वृद्धिदर, जलवायुको अवस्था, स्थानीय स्रोतसाधनको उपलब्धतालगायतले फरक पर्न सक्दछ ।

## निष्कर्ष

विश्वभरका धेरै देशहरूले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धन, विकास र विस्तार गर्ने सम्बन्धमा छुट्टाछुट्टै वा संयुक्तरूपमा उपयुक्त नीति, योजना, कार्यक्रम, परियोजना निर्माण गरेर अधिकार प्राप्त संस्थामार्फत सफलतापूर्वक आ-आफ्ना नागरिकहरूलाई सस्तो, दिगो, भरपर्दो तथा स्वच्छ ऊर्जाको पहुँच सुनिश्चित गराई सामाजिक न्यायसहितको आर्थिक विकास गर्न सफल भएका छन् । नेपालमा पनि हालैका वर्षहरूमा यी सबै पक्षहरूको सिकाइबाट कानुनबाटै सबल संस्था स्थापना गरी सरोकारवालाहरूको निकट समन्वय, सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताका सबल पक्षहरूको अवलम्बन गर्दै अगाडि बढ्ने प्रयास भइरहेको छ ।

नेपालमा नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तार गरी वातावरण संरक्षण गर्ने उद्देश्यका साथ २०५३ सालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना गरिएकोमा सन् २०१८ देखिमात्र ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत तथा संरक्षण गर्दै ऊर्जाको पहुँचमा वृद्धि गरी दिगो विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता प्रवर्द्धनका लागि राष्ट्रिय संस्था बनाइएको छ । यसले विश्वव्यापीरूपमा सफल रहेको ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको संयुक्त कार्यान्वयन गर्ने प्रयास गरेको छ ।

तथापि, यी दुवै पक्षको अधिकार केन्द्रले कानुनीरूपमा अझै प्राप्त गर्न नसकेकाले दीर्घकालमा नेपाल सरकारले राष्ट्रिय तथा अन्तरष्ट्रियस्तरमा गरेको प्रतिबद्धता ‘सबैका लागि सस्तो, भरपर्दो, आधुनिक तथा स्वच्छ ऊर्जाको पहुँच पुर्‍याउने’ लक्ष्य प्राप्त हुनेमा विश्वस्त हुने अवस्था देखिँदैन । संसद्मा विचाराधीन नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८१ ले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतालाई कानुनी मान्यता दिएको छ । यो विधेयक पारित भएपछि नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको संयोजनमा उपयुक्त नीति, योजना, कार्यक्रम तथा परियोजनामार्फत राष्ट्रिय-अन्तर्राष्ट्रिय स्रोत-साधनहरूको समुचित परिचालन गर्न थप सहज हुने छ ।

विगतदेखि नै नेपाल सरकार र विभिन्न दातृ निकायहरूको प्राविधिक तथा आर्थिक सहयोगमा राष्ट्रिय प्रसारण प्रणाली नपुगेको स्थानहरूमा बसोबास गर्ने नागरिकहरूलाई विकेन्द्रीकृत नवीकरणीय ऊर्जामार्फत केन्द्रले स्वच्छ ऊर्जाको पहुँच पुर्‍याउँदै आइरहेको सन्दर्भमा सबै नागरिकलगायत व्यावसायिक, औद्योगिक, यातायात तथा कृषि क्षेत्रहरूमासमेत आवश्यक सस्तो, दिगो र आधुनिक ऊर्जाको उपलब्धता सुनिश्चित गर्न ऊर्जा दक्षतालाई समेत संयोजन गरी राष्ट्रले कबोल गरेको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्दै दिगो ऊर्जा रूपान्तरण गर्नु आजको अपरिहार्य आवश्यकता हो । *रासस*



**म्याग्दीमा रिचार्ज पोखरी**

म्याग्दीको बेनी नगरपालिका-५ पुलाचौरको चिप्लरी सिमपाखो सामुदायिक वनमा निर्माण भएको 'रिचार्ज' पोखरी । वन डढेलो नियन्त्रण, सुक्खापन रोकथाम, पानी पुनर्भरण, मानव र वन्यजन्तुबीचको द्वन्द्व न्युनीकरण गर्ने उद्देश्यले डिभिजन वन कार्यालय म्याग्दीको सहयोगमा सामुदायिक वन उपभोक्ता समूहले यसवर्ष म्याग्दीमा छ वटा पोखरी बनाएका छन् । *तस्बिर: सन्तोष गौतम/रासस*

# चितवनमा अनलाइन प्रणालीबाट मल वितरण

**नारायणगढ–** धान रोपाइँको मुख्य यामसँगै चितवनमा रासायनिक मलको वितरणलाई तीव्र पारिएको छ । कृषि सामग्री कम्पनी लिमिटेड, भरतपुर शाखाले जिल्लाभरका सूचीकृत सहकारीमार्फत अनलाइन प्रणालीबाट मल वितरण गर्दै १५ दिनमै ९६९.१७५ मेट्रिक टन रासायनिक मल बिक्री गरेको जनाएको छ ।

शाखाका प्रमुख राजन बगालेका अनुसार असारको पछिल्लो १५ दिनमा युरिया ६६८.२०० मेट्रिक टन, डिएपी २०१.८०० मेट्रिक टन र पोटास ९९.१७५ मेट्रिक टन बिक्री भएको छ ।

बगालेले जिल्लाका २७८ सूचीकृत सहकारी मार्फत अनलाइन प्रणालीबाट मल वितरण भइरहेको जानकारी दिँदै यसले वितरण प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाएको बताए । प्रमुख बगालेले भने, 'वितरण प्रणाली अनलाइन गरिएपछि काम निकै सहज भएको छ । कुन सहकारीले कति मल बिक्री गऱ्यो र कति मौजाद बाँकी छ भन्ने सबै विवरण प्रणालीमा स्पष्ट देखिन्छ । कसैले पनि अनियमितता गर्न सक्दैन र सहकारीहरूले दैनिक रूपमा विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।'

कार्यालयको तथ्याङ्कअनुसार सबैभन्दा बढी मल भरतपुर महानगरपालिकामा बिक्री भएको छ । भरतपुरमा २३९.१५० मेट्रिक टन युरिया, १९७.०५० मेट्रिक टन डिएपी र २२.२२५ मेट्रिक टन पोटास वितरण गरिएको छ ।

त्यसैगरी माडी नगरपालिकामा ११५.००० मेट्रिक टन युरिया र ९.५०० मेट्रिक टन पोटास, खैरहनी नगरपालिकामा ९०.१०० मेट्रिक टन युरिया र १९.१०० मेट्रिक टन पोटास, रत्ननगर नगरपालिकामा ७३.९५० मेट्रिक टन युरिया र २४.१०० मेट्रिक टन पोटास, राप्ती नगरपालिकामा ६४.३०० मेट्रिक टन युरिया, ०.७०० मेट्रिक टन डिएपी र १०.२५० मेट्रिक टन पोटास, कालिका नगरपालिकामा ४९.००० मेट्रिक टन युरिया र १४.००० मेट्रिक टन पोटास तथा इच्छाकामना गाउँपालिकामा २८.५०० मेट्रिक टन युरिया बिक्री भएको कम्पनीले जनाएको छ ।

आपत्‌कालीन वा विशेष आवश्यकताका लागि छुटयाइएको 'बफर' मौज्दातबाट ८.२०० मेट्रिक टन युरिया र ४.०५० मेट्रिक टन डिएपी वितरण गरिएको प्रमुख बगालेले जानकारी दिनुभयो । कम्पनीका अनुसार धान रोपाइँको मुख्य सिजनमा चितवन जिल्लाभर करिब २,५०० देखि ३,००० मेट्रिक टन रासायनिक मलको माग रहने अनुमान गरिएको छ । त्यसअनुसार आवश्यक मौज्दात व्यवस्थापन गरी किसानलाई सहज रूपमा मल उपलब्ध गराउने व्यवस्था मिलाइएको कम्पनीले जनाएको छ । *रासस*

# बुकीपाटनमा प्लास्टिकजन्य फोहर व्यवस्थापनको चुनौती



**बागलुङ–** नेपालका एक मात्र सिकार आरक्ष ढोरपाटनस्थित बुकीपाटनमा पर्यटकको आकर्षण बढेसँगै नकुहिने फोहर बढ्न थालेको छ । पर्यटकले जथाभावी फोहरले फाल्दा बुकीपाटनको स्वच्छताको छवि धुमलिन थालेको छ । पर्यटकले प्लास्टिकका बोतल, चाउचाउ, बिस्कुटका प्लास्टिक र बियर बोतललगायत छरपस्ट छोड्दा पर्यावरणमा असर पर्ने चिन्ता बढेको छ ।

चार वर्ष अगाडिसम्म गोठाला बस्ने बुकीपाटनमा पछिल्लो समय दैनिक सयौँ पर्यटक बुकीपाटन पुग्न थालेपछि फोहर बढ्न थालेको ढोरपाटन नगरपालिका-९ का तीर्थबहादुर घर्तीमगरले बताए ।

पाटनभरी छरिएका प्लास्टिक र बोतलले सौन्दर्यलाई कुरूप बनाएको घर्ती मगरले सुनाउनुभयो । पर्यटकले जथाभावी फोहर गर्ने मात्र नभइ बुकीपाटनका फूलसमेत कोपिलामै टिप्दा वनफूल नै मासिने जोखिम बढेको छ । समुन्द्री सतहदेखि चार हजार २०० माथिको क्षेत्रमा प्लास्टिक र सिसाजन्य फोहर बढ्दा सरसफाइ गर्ने चासो कुनै पनि निकायले नदेखाएको स्थानीयको गुनासो छ ।

बुकीपाटन बागलुङको एउटा अनुपम सम्पत्ति भएकाले त्यहाँको सुन्दरताको बयान जति नै गरे पनि कम हुनेछ । त्यहाँको सुन्दरतासँग रमाउन दैनिक सयौँ पर्यटक बुकीपाटन पुग्ने गरेकामा पछिल्लो समय त्यस क्षेत्रको अवलोकन गर्न जाने व्यक्तिले प्लास्टिक र सिसामा खानेकुरा बोकेर जाने र खाएपछि त्यही नै फ्याँकेर हिड्ने प्रवृत्ति वातावरण संरक्षणका लागि घातक देखिएको छ ।

बुकीपाटन क्षेत्रमा मात्रै नभई ढोरपाटन उपत्यकाको पाखाथरदेखि उकालो लागेपछि पदमार्गका छेउछाउ, कोल्सा, डाँडा, खोला र बुकीपाटनसम्मै बिस्कुट, चाउचाउका प्लास्टिक, सिसा, रेडबुल र पानीका बोत्तल छरपस्ट भेटिन्छन् । त्यस्ता फोहोर व्यवस्थापनमा सिकार आरक्षले पनि चासो दिनुपर्ने स्थानीयको भनाइ छ ।

बुकीपाटनमा पर्यटकले फालेको प्लास्टिकजन्य फोहर घाससँमा मिसिर वस्तुभाउले खाँदा बिरामी परेर मर्ने गरेको ढोरपाटन नगरपालिका-६ का किसान तुलबहादुर अदैले गुनासो गरे । फोहोर फल्नका लागि गोठालाले ठाउँठाउँमा खाल्डो निर्माण गरी दिएपछि पर्यटकले जथाभावी फल्ने गरेको स्थानीयको भनाइ छ । बुकीपाटनको गर्पाछेडा, दहखर्क, फुर्सेदेउराली, टीकाधारा, फागुने क्षेत्रमा बढी फोहर गरेको स्थानीय अदै बताउँछन् ।

स्थानीय कुलबहादुर विकले अघिल्लो वर्ष बुकीपाटनमा छरिएका प्लास्टिक खाएर करिब ६० वटा भेडाबाखा र गाईभैंसी बिरामी परेको बताए । पोसिलो घाँस खुवाउन बागलुङसहित रोल्पा, रुकुम, डोल्पा र म्याग्दीबाट गोठालाले आफ्ना वस्तुभाउ लिएर त्यहाँ जाने गरेका छन् । *रासस*

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिती : २०८३/०४/०१**

श्री कृष्ण सा.व.उ.स, हरिहरपुरगढी गा.पा-८ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ३९५ को २२६३.४८ क्यू.फिट गोलिया साल जातको काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कृष्ण सा.व.उ.स, हरिहरपुरगढी गा.पा-८ सिन्धुली**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/१२ मा दर्ता भएको **प्रा.लि. नं. २७३५८१** को **आर्टसी होम प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**

**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०५/०६ मा दर्ता भएको **प्रा.लि. नं. १२५८१०** को **कनेक्टिङ हर्ट मल्टि सर्भिस प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**

**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०४/०१**

**साहि एब्रोड गेट** को मिति २०८३/०३/२४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस. के. एजुकेशन कन्सल्टेन्सी बागबजार (दर्ता नं. १६८८७१)** कायम गर्ने गरी मिति २०८३/०३/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०८/०६ मा दर्ता भएको **प्रा.लि. नं. २७७६५३** को **जौबारी लाइभस्टक एण्ड एग्रो प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**

**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**


## कतारमा रोजगार

कम्पनी : Mace Qatar Contracting And Engineering Company

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345084 | चलानी नं. ६०२५८३४२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Reinforce Fitters | 26 | 0 | 1200 | ५०,६३८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Electrician | 20 | 0 | 1200 | ५०,६३८ | | | | | | | |
| 3 | Mason–Block | 10 | 0 | 1200 | ५०,६३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

## युएइमा रोजगार

कम्पनी : CM HYPERMARKET L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 326139 | चलानी नं.६०२४००५८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | cashier female | 0 | 8 | 1500 | ६२,५५८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | sales/salesman/ salesgirl | 14 | 18 | 1300 | ५४,२१७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Mobile: (Sanjiv Sah)9801067993 Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## साउदीमा रोजगार

कम्पनी : HAFNA FALAFEL FAST FOOD ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345053 | चलानी नं. ६०२५८२९३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | General Worker/Kitchen Helper | 3 | 0 | 1300 | ५३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

## युएइमा रोजगार

कम्पनी : FRESH AND SHINE TECHNICAL AND CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345058 | चलानी नं. ६०२५८३२७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1. | Building Electrician | 4 | 0 | 1500 | ६२,५९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Steel Fixer | 5 | 0 | 1500 | ६२,५९० | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | 1500 | ६२,५९० | | | | | | | |
| 4. | Draftsman Electrical | 3 | 0 | 1500 | ६२,५९० | | | | | | | |
| 5. | Plasterer | 4 | 0 | 1200 | ५०,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.
श्रम इजाजत नं. ४४४/०६०/०६१
Pinglasthan-9, Gaushala, Kathmandu, Nepal,Tel: +977 01-4586946/4592505, Prem Raj Lawati (9841414231)
Email: advnepal44@gmail.com, Web: www.advancerecruitment.com.np

## साउदीमा रोजगार

कम्पनी : TAHAM FOR OPERATION AND MAINTENANCE. शहर :Saudi Arabia,Riyadh

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345061 | चलानी नं. ६०२५८३२३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | KITCHEN CLEANER /HELPER | 15 | 0 | 1000 | ४०,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHREESHA INTERNATIONAL PVT.LTD.
Govt. License 1573/079/080
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location

## कतारमा रोजगार

कम्पनी : BROXOL CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345094 | चलानी नं. ६०२५८२८९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | All Vehelicls Driver | 2 | 0 | 2500 | १०५,४९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Block & Stone Mason | 2 | 0 | 1200 | ५०,६४० | | | | | | | |
| 3 | Building Painters | 4 | 0 | 1200 | ५०,६४० | | | | | | | |
| 4 | Cleaner (Female) | 0 | 2 | 1000 | ४२,२०० | | | | | | | |
| 5 | Cleaners (Famale) | 0 | 2 | 1000 | ४२,२०० | | | | | | | |
| 6 | Foreman (Elect/ducting/piping/p&d) | 1 | 0 | 3500 | १४७,६९५ | | | | | | | |
| 7 | Labourer, Road Construction | 2 | 0 | 1000 | ४२,२०० | | | | | | | |
| 8 | Male Receptionist | 1 | 0 | 2500 | १०५,४९५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2500 | १०५,४९५ | | | | | | | |
| 10 | Supervisor (Cleaning) | 2 | 0 | 3500 | १४७,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656 (Santosh Bhatta),
+9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कतारमा रोजगार

कम्पनी : SERENDIP CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. 345045 | चलानी नं. ६०२५८३१७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labour Cleaner | 9 | 0 | 1000 | ४२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772

## जापानमा रोजगार

कम्पनी : GOKEICLOUD COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345044 | चलानी नं. ६०२५८३३०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1. | General Workers For Construction | 9 | 0 | 183952 | १,७४,८३५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K. INTERNATIONAL H.R. SOLUTIONS PVT.LTD
श्रम इजाजत नं. १६३७/०८०/८१
KMC-26, Samakhusi, Kathmandu, Nepal, Tel: 01-5919792, Mobile: +9779856006311,
WhatsApp: +977-9856006311, E-mail: adminrkinepal@gmail.com, drbastola12@gmail.com

## युएइमा रोजगार

कम्पनी : PERWEZ ALAM TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/३१ | LT. No. 345010 | चलानी नं. ६०२५८२४९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Plumber | 1 | 0 | 1500 | ६२,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Shuttering Carpenter | 1 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 3 | Electrical Technican Wiring | 1 | 0 | 1500 | ६२,५६० | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | 1500 | ६२,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
LIC No. 842/066/067
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

प्रभाव दैनिक




### शान्तिश्रीका तीज गीत 'कटी पाटी'

गायिका शान्तिश्री परियारको स्वरमा तीज गीत 'केटी पार्टी' आएको छ। काठमाडौँमा आयोजित कार्यक्रममा साहित्यकार शान्ति शर्माले गीत सार्वजनिक गरिन्। मनिष श्रेष्ठको शब्द र संगीत रहेको गीतलाई आकाश नेपालीले एरेन्ज गरेका छन्। आफ्नो इच्छाशक्ति र आत्मविश्वास भए नाच्न, रमाउन र प्रतिभा देखाउन उमेर बाधक बन्दैन भन्ने भाव बोकेको गीतको भिडियोलाई मनिष श्रेष्ठले नै निर्देशन गरेका हुन्। भिडियोमा विमला भण्डारी, सरिता थापा, कोइली थापा, शारदा श्रेष्ठ र नूतन अधिकारी फिचर्ड छन्।





# 'म मदनकृष्ण'को डिजिटल राइट ओएसआर डिजिटललाई



■ प्रभाव संवाददाता

**काठमाडौँ–** भदौ दोस्रो सातादेखि छायांकन सुरु गरिने बायोपिक चलचित्र 'म मदनकृष्ण'को डिजिटल अधिकार कीर्तिमानी मूल्यमा बिक्री भएको छ। नेपालको प्रतिष्ठित डिजिटल कम्पनी 'ओएसआर डिजिटल'ले सिनेमाको ब्रान्ड भ्यालुलाई मध्यनजर गर्दै मोटो रकम खर्चेर यसको अधिकार सुरक्षित गरेको हो।

यो चलचित्रलाई बायोपिक सिनेमामा अब्बल निर्देशक मानिएका निर्देशक मिलन चाम्सले निर्देशन गर्दैछन्। ७८ वर्षिय वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जीवनीमा आधारित बायोपिक सिनेमा 'म मदनकृष्ण'को असारको पहिलो साता निर्माणको घोषणा गरिएको थियो।

मदनकृष्णको बाल्यकाल, सरकारी जागिरे जीवन, हरिवंशसँगको सहकार्य, अन्तरजातीय विवाह, साथै मदनकृष्णको जिन्दगीका सुख, दुःख समेट्दै उनको सम्पूर्ण जीवन संघर्ष र आरोह-अवरोहलाई समेटेर निर्माण हुने यो चलचित्र महँगो मुल्यमा डिजिटल राइट ओएसआर डिजिटलले खरिद गरेको निर्माण टिमले जानकारी गराएको छ।

निर्देशक चाम्स भन्छन्, 'ध्रुव सत्य कुरा के हो भने, ओएसआरले अहिलेसम्मकै महँगो मूल्यमा हाम्रो सिनेमाको डिजिटल राइट खरिद गर्नुभएको छ। यो मदनकृष्ण दाइप्रतिको सम्मान र उहाँको ब्रान्ड भ्यालुको नतिजा हो।'

नेपाली चलचित्र इतिहासमा कुनै चर्चित व्यक्तिको जीवनीमा सिनेमा बन्नु नयाँ कुरा नभए पनि, कुनै 'अभिनेता' माथि बायोपिक बन्न लागेको यो पहिलोपटक हो। यसअघि गायक भक्तराज आचार्यको जीवनमा 'आचार्य' बनेको थियो भने अन्य क्षेत्रका व्यक्तित्वका बायोपिक पनि बनेका थिए। तर, रंगमञ्च र सिनेमाका हस्ती मदनकृष्ण श्रेष्ठमाथि फिल्म बन्नुलाई नेपाली सिनेमाको एक ऐतिहासिक पाइला मानिएको छ।

मदनकृष्णको बायोपिकमा मदनकृष्णको भूमिका अभिनेता महेश त्रिपाठीले निर्वाह गर्नेछन्। यो बायोपिकको शीर्ष भूमिकामा दर्शकले केकी अधिकारीलाई देख्न पाउनेछन्। उनले मदनकृष्णकी श्रीमती यशोदाको भूमिका निर्वाह गर्नेछिन्।

मदनकृष्ण श्रेष्ठको चर्चा गर्दा उनको 'मह' जोडीका अर्का खम्बा हरिवंश आचार्यको प्रसंग नआउने कुरै हुँदैन। चलचित्रमा हरिवंश आचार्यको भूमिका कसले निभाउनेछ भन्ने विषयलाई अहिले निकै गोप्य र कौतुहलतापूर्ण राखिएको छ।

यस्तै, चलचित्रमा राजाराम पौडेल, किरण केसी, रुषा न्यौपाने, यमन श्रेष्ठ, देशभक्त खनालको पनि अभिनय रहनेछ। भिन्टेज मोसन पिक्चर्सको प्रस्तुति बायोपिक 'म मदनकृष्ण'लाई राजकुमार श्रेष्ठले निर्माण गर्नेछन्। लोकप्रिय कलाकार भएकाले मदनकृष्णको बायोपिक प्रतिक्षित बन्ने निश्चित छ।

चलचित्रको कथा तथा पटकथा यम थापाले लेखेका हुन्। पदम बहादुर श्रेष्ठ (बाबु श्रेष्ठ) डीओपी रहेको चलचित्रमा मिलन श्रेष्ठ सम्पादन, अलिश कार्की ब्याकग्राउन्ड म्युजिक, भरत कँडेल साउन्ड डिजाइन रहेका छन्। भदौ दोस्रो सातादेखि छायांकन सुरु गरिने यो चलचित्रलाई रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट, र एफ.डी. कम्पनीले वितरण गर्ने छन्।

# 'लुरे बुढा, भुँडे बुढी' लिएर आउँदै इकु र स्नेहा




■ प्रभाव संवाददाता

**काठमाडौं –** हास्य कलाकार सुलेमान शंकर 'इकु' र स्नेहा कट्वालले कमेडी शो 'लुरे बुढा, भुँडे बुढी' ल्याउँदैछन्। बिहीबार शोको प्रोमो सार्वजनिक गरिएको छ।

साउन ४ गतेदेखि हरेक सोमबार 'नागरिक प्रेस' युट्युब च्यानलमा प्रसारण हुने कलाकार इकुले जानकारी दिए। नेपाली डिजिटल मिडिया र मनोरञ्जन क्षेत्रमा विल्कुलै नयाँ र मौलिक स्वाद दिने उद्देश्यका साथ निर्माण गरिएको यो शोले सबै नेपालीको मन छुन सक्ने उनले बताए।

'यो कार्यक्रमले नेपालका स्थापित सेलिब्रेटी, राजनीतिक तथा सामाजिक व्यक्तित्वहरूलाई अतिथिका रूपमा आमन्त्रण गरी उनीहरूको बाल्यकाल, जीवनमा लुकेका संघर्ष र उतारचढावका कथाहरूलाई मौलिक र विशुद्ध हास्य शैलीमा प्रस्तुत गर्नेछ,' उनले भने। प्रोमोमा 'बुढा' र 'बुढी'ले कसको कहानी पहिला सुनाउने भन्नेमा तँछाडमछाड गरेको देखिन्छ।

इकु कलाकारितासँगै विभिन्न समाजसेवा र संगठनमा समेत सक्रिय भूमिकामा छन्। इकु नामबाट कलाकारिता क्षेत्रमा आफ्नै पहिचान बनाउन सफल उनले थुप्रै टेलिसिरियल र फिल्ममा अभिनय गर्दै उनले फिल्म निर्माण र निर्देशन समेत गरिसकेका छन्।

गायनबाट कलाकारिता क्षेत्रमा प्रवेश गरेकी स्नेहा कट्वालले केही टेलिसिरियलमा अभिनय समेत गरेकी छन्। पछिल्लो समय उनले सीता, छुच्ची सासु, गीता र सम्झौता लगायत सिरियलमा अभिनय गरेकी छन्।






# विश्वकप फाइनलमा अर्जेन्टिना र स्पेन भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** इङ्ल्यान्डविरुद्ध सनसनीपूर्ण पुनरागमन जित हासिल गर्दै लियोनल मेसीको प्रेरणामा रहेको अर्जेन्टिना फिफा विश्वकप २०२६ को फाइनलमा प्रवेश गरेको छ। बुधबार मध्यराति मर्सिडिज बेन्ज रंगशालामा सम्पन्न दोस्रो सेमिफाइनलमा साबिक विजेता अर्जेन्टिनाले इङ्ल्यान्डलाई २-१ ले हरायो।

इङ्ल्यान्डले ५५औं मिनेटमा विंगर एन्थोनी गोर्डनको गोलमा अग्रता बनाएको थियो। निर्धारित समय सकिन पाँच मिनेट बाँकी छँदा मिडफिल्डर एन्जो फर्नान्डेजको लङ रेन्ज गोलमा अर्जेन्टिना खेलमा फर्कियो।

इन्जुरी समयमा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका स्ट्राइकर लाउटारो मार्टिनेजले हेडरमार्फत निर्णायक गोल गरे। अर्जेन्टिनाका दुवै गोल मेसीको असिस्टमा सम्भव भएका थिए। अर्जेन्टिनाले आइतबार हुने फाइनलमा स्पेनसँग खेल्नेछ। खेल नेपाली समयअनुसार मध्यराति १२:४५ बजे हुनेछ।



## इंग्ल्यान्डमाथिको जित म्याराडोनाप्रति समर्पित

विश्वकपको सेमिफाइनलमा इंग्ल्यान्डमाथि प्राप्त जित अर्जेन्टिनाका कप्तान लियोनल मेस्सीले दिवंगत महान फुटबलर डिएगो म्याराडोनाप्रति समर्पित गरेका छन्।

बुधबार एटलान्टामा भएको सेमिफाइनलमा साविक विजेता अर्जेन्टिनाले एक गोलले पछि परेको अवस्था उल्टाउँदै इंग्ल्यान्डलाई २-१ ले पराजित गरेको थियो। अर्जेन्टिनाका दुवै गोलमा असिस्ट गरेका ३९ वर्षीय मेस्सीले टोलीलाई लगातार दोस्रोपटक विश्वकपको फाइनलमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेले। अर्जेन्टिनाले अब उपाधिका लागि आइतबार स्पेनसँग प्रतिस्पर्धा गर्नेछ।

खेलपछि मेस्सीले आफूलाई म्याराडोनासँग तुलना गर्न कहिल्यै नचाहेको बताउँदै अर्जेन्टिनी फुटबलमा उनको स्थान सबैभन्दा माथि रहेको बताए। सन् २०१० को विश्वकपमा म्याराडोनाको प्रशिक्षणमा खेल्दा बिताएका क्षण सम्झँदै मेस्सीले उनीसँग विपक्षी टोली र खेलका विषयमा भएका छलफल आफ्नो स्मृतिमा सधैँ रहने उल्लेख गरे।

'डिएगो वास्तवमै महान् थिए। मैले आफूलाई उनीसँग कहिल्यै तुलना गर्न चाहिनँ। मेरो विचारमा उनी सबैभन्दा महान् हुन्,' मेस्सीले भने, 'आज उनी जहाँ भए पनि खुसी भएर यो सफलता हेरिरहेका हुनेछन्। राष्ट्रिय टोलीप्रतिको उनको प्रेम र उनले छाडेको विरासतका लागि यो जित उपहार हो।'

म्याराडोनाले सन् १९८६ को विश्वकप क्वार्टरफाइनलमा इंग्ल्यान्डविरुद्ध 'ह्यान्ड अफ गड' का रूपमा चर्चित गोल गरेका थिए। सोही खेलमा उनले एकल प्रयासमा गरेको अर्को गोललाई पछि फिफाको सर्वेक्षणले 'शताब्दीकै उत्कृष्ट गोल' घोषणा गरेको थियो। अर्जेन्टिनाले उक्त खेल २-१ ले जित्दै त्यस वर्ष दोस्रोपटक विश्वकपको उपाधि उचालेको थियो।

मेस्सीले इंग्ल्यान्डविरुद्धको सेमिफाइनल अर्जेन्टिनी समर्थकका लागि विशेष रहेको बताए। राष्ट्रिय गान बजेदेखि नै खेलको फरक महत्त्व महसुस भएको उल्लेख गर्दै उनले अर्जेन्टिनाका कुनै पनि समर्थकले यो खेल गुमाउन नचाहेको प्रतिक्रिया दिए।

'यो खेल मात्र भए पनि हामीले सुरुदेखि नै विशेष अनुभव गरेका थियौँ। इंग्ल्यान्डलाई सेमिफाइनलमा हराएर लगातार अर्को फाइनलमा पुग्नुको अर्थ ठूलो थियो,' उनले भने, 'अर्जेन्टिनाका मानिसहरू कति खुसी छन् भन्ने मलाई थाहा छ। परिवारले देशभर भएका उत्सवका तस्वीरहरू पठाएका छन्। अर्जेन्टिनी जनतालाई यस्तो खुसी दिन पाउँदा म गर्व र आनन्दित छु।'

कतारमा सन् २०२२ मा अर्जेन्टिनालाई ३६ वर्षपछि विश्वकप उपाधि दिलाउँदा प्रतियोगिताकै उत्कृष्ट खेलाडी बनेका मेस्सीले जारी विश्वकपमा पनि उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। उनी २१ गोलसहित विश्वकप इतिहासकै सर्वाधिक गोलकर्ता बनेका छन् भने १३ असिस्टसहित प्रतियोगिताको इतिहासमा सर्वाधिक गोलको अवसर सिर्जना गर्ने खेलाडीसमेत बनेका छन्।

आइतबारको फाइनलमा मेस्सीले आफ्नो पूर्वक्लब बार्सिलोनासँग जोडिएका थुप्रै परिचित खेलाडीको सामना गर्नेछन्। स्पेनको टोलीमा बार्सिलोनाका आठ खेलाडी समावेश छन्। फ्रान्सलाई २-० ले हराएर फाइनल पुगेको स्पेनलाई मेस्सीले उत्कृष्ट खेलाडी र स्पष्ट फुटबल दर्शन भएको बलियो टोलीको संज्ञा दिएका छन्।

'स्पेन उत्कृष्ट खेलाडीहरू भएको शानदार टोली हो। उनीहरूको आफ्नै फुटबल दर्शन छ र लामो समयदेखि त्यही शैलीमा खेलिरहेका छन्,' मेस्सीले भने, 'म ती खेलाडीलाई राम्रोसँग चिन्छु र पछ्याउँछु। यो विश्वकपको फाइनल भएकाले विशेष खेल हुनेछ। प्रतिस्पर्धा निकै बराबरीको हुने अपेक्षा गरेको छु।'

# नेपाल ब्याडमिन्टन संघको वार्षिक साधारण सभा सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल ब्याडमिन्टन संघको वार्षिक साधारण सभा बुधबार सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्य रामचरित्र मेहताले गरे।

कार्यक्रममा नेपाल ओलम्पिक कमिटीका महासचिव राजीव श्रेष्ठ, शिक्षा तथा खेलकुद मन्त्रालयका सल्लाहकार राजु सिंहलगायतको उपस्थिति रहेको थियो।

नेपाल ब्याडमिन्टन संघका प्रवक्ता बेनुपराज खत्रीका अनुसार साधारण सभामा आर्थिक तथा प्रगति प्रतिवेदन, आगामी योजना, नीतिगत प्रस्ताव तथा संगठनको भावी कार्यदिशामाथि विस्तृत छलफल गरी आवश्यक निर्णयहरू सर्वसम्मत रूपमा पारित गरिएको छ।

उद्घाटन समारोहमा विभिन्न राष्ट्रिय खेल संघका प्रतिनिधि, नेपाल ब्याडमिन्टन संघका पदाधिकारी एवं बोर्ड सदस्यहरू, चार प्रदेश ब्याडमिन्टन संघका प्रतिनिधि तथा ४१ जिल्ला संघको उपस्थिति रहेको ब्याडमिन्टन संघले जनाएको छ।

# जर्सीविरुद्धको सिरिज 'क्लिनस्विप'

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले जर्सी विरुद्धको दुई म्याचको एकदिवसीय सिरिज कब्जा गरेको छ। दोस्रो खेलमा नेपालले जर्सीलाई ७ रनले हराउँदै सिरिज कब्जा गरेको हो। २ सय ८३ रनको लक्ष्य पछ्याएको नेपाललाई दिपेन्द्र सिंह ऐरी र रोहित पौडेलले जिततर्फ डोऱ्याएका थिए। ४६ औ मिनेटमा वर्षाले खेल प्रभावित बनेपछि डीएलएस पद्धतिका आधारमा खेलको निर्णय गरिएको थियो।

नेपालका लागि इशान पाण्डेले ९० रन जोड्दा कुशत भुर्तेलले ५१ रनको पाली खेलेका थिए। भिम सार्कीले ३७ रन बनाउँदा दिपेन्द्र ३४ र रोहित २१ रनमा अविजित थिए। आरिफ शेख ३ रनमा आउट भएका थिए। पहिले ब्याटिङ गरेको जर्सीले ६ विकेट गुमाएर २ सय ८२ रन बनाएको थियो। शीर्ष क्रमका ब्याट्सम्यान चम्किएको खेलमा जर्सीले ठुलो स्कोर खडा गरेको थियो। नेपालका सोमपाल कामी र सन्दीप लामिछानेले एक एक विकेट लिएका थिए।

श्रृंखलाको पहिलो खेलमा नेपाल विजयी बनेको थियो। नेपाल दुई म्याचको श्रृंखला जित्दै भ्रमणको सुखद अन्त्य गरेको छ।

# हर्मुज केन्द्रित अमेरिकी आक्रमण तीव्र



**तेहरान–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा नफर्किए थप कडा सैन्य कारबाही गर्ने चेतावनी दिइरहेका बेला संयुक्त राज्य अमेरिकाले बुधबार हर्मुज जलघाँटी क्षेत्रमा इरानको सैन्य क्षमता लक्षित गर्दै नयाँ हवाई आक्रमण सुरु गरेको छ । यससँगै करिब एक महिनाअघि भएको अमेरिका–इरान समझदारीपछि रोकिएको प्रत्यक्ष सैन्य टकराव फेरि तीव्र बनेको छ ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार आक्रमण १९:०० जीएमटीदेखि सुरु गरिएको हो । हर्मुज जलघाँटी हुँदै स्वतन्त्र रूपमा आवतजावत गर्ने जहाजलाई जोखिममा पार्न प्रयोग भइरहेका इरानी सैन्य संरचना र क्षमतामाथि कारबाही केन्द्रित गरिएको जनाएको छ । अमेरिकी सेनाले इरानको बन्दरगाहमा लगाइएको नौसैनिक नाकाबन्दी तोड्न खोजिरहेको खाली तेल ट्याङ्करलाई पनि हेलफायर मिसाइल प्रहार गरी निष्क्रिय बनाएको दाबी गरेको छ । कुराकाओको झण्डा बोकेको 'एम/टी बेल्मा' नामक उक्त जहाजलाई निष्क्रिय पारिएकाले अब इरानतर्फ अघि बढ्न नसक्ने अमेरिकी सेन्ट्रल कमान्डले जनाएको छ ।

इरानी सरकारी सञ्चारमाध्यमहरूले बन्दर अब्बास, रास्क, चाबहार, केशम, बन्दर इमाम खोमेनी तथा बुसेहरलगायत दक्षिणी क्षेत्रहरूमा विस्फोट भएको जनाएका छन् । बुसेहरमा रहेको इरानको एकमात्र नागरिक आणविक ऊर्जा केन्द्र आसपास पनि अमेरिकी आक्रमण भएको दाबी गरिएको छ ।

मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यले अमेरिका र इरानबीच समझदारीपत्रमा हस्ताक्षर भएको झन्डै एक महिनामै दुवै पक्ष पुनः सैन्य भिडन्तमा उत्रिएका हुन् । इरानको रिभोलुसनरी गार्ड्सले बहराइनस्थित अमेरिकी पाँचौं नौसैनिक फ्लीटलाई लक्षित गरेको जनाएको छ । त्यसपछि बहराइनमा हवाई साइरन बजाइएको थियो । जोर्डनले इरानबाट प्रहार गरिएका तीनवटा मिसाइल खसालेको जनाएको छ भने इराकको एरबिल क्षेत्रमा अमेरिकी नेतृत्वको गठबन्धनले विस्फोटक पदार्थ बोकेका आठवटा ड्रोन खसालेको कुर्दिस सुरक्षा बलले जनाएको छ । घटनामा मानवीय क्षतिको पुष्टि भएको छैन ।

राष्ट्रपति ट्रम्पले इरान वार्तामा नफर्किए आगामी सातादेखि विद्युत् केन्द्र र पुलजस्ता पूर्वाधारमाथि पनि आक्रमण हुन सक्ने चेतावनी दिनुभएको छ । यद्यपि, दुवै पक्षबीचको मध्यस्थतामार्फत जारी वार्ता औपचारिक रूपमा समाप्त भएको छैन । इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले भने समझदारीपत्रका प्रावधान कार्यान्वयन नभएसम्म त्यसको कुनै अर्थ नरहने र इरानले त्यसको पालना गर्नुपर्ने आधार पनि नरहने बताएका छन् ।

यसपटकको तनावको केन्द्र फेरि हर्मुज जलघाँटी बनेको छ । यो जलघाँटीलाई विश्व ऊर्जा आपूर्तिको अत्यन्त महत्त्वपूर्ण मार्ग मानिन्छ । फेब्रुअरीमा सुरु भएको युद्धपछि इरानले जलघाँटी बन्द गरेको थियो । गत महिना भएको अन्तरिम सहमतिपछि केही समय खुला भए पनि इरानले अमेरिकी आक्रमण जारी रहेसम्म पुनः बन्द राख्ने घोषणा गरेको थियो । समुद्री ट्र्याकर केप्लरका अनुसार जलमार्गबाट हुने जहाज आवागमन उल्लेखनीय रूपमा घटेको छ भने पछिल्लो तनावसँगै अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पनि बढ्न थालेको छ ।

अमेरिकाले इरानी बन्दरगाहमाथिको नौसैनिक नाकाबन्दी पुनः लागू गरेपछि इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले यस कदमले गत महिनाको अन्तरिम समझदारीलाई प्रभावहीन बनाएको टिप्पणी गरेका छन् ।

युद्ध चर्किएसँगै इरान र खाडी क्षेत्रमा सर्वसाधारणको त्रास बढेको छ । इरानको दक्षिणपूर्वी क्षेत्रका स्थानीय बासिन्दाले निरन्तर विस्फोटका कारण बालबालिका रातभर सुत्न नसक्ने अवस्था रहेको बताएका छन् । कुवेतमा बसोबास गर्ने एक सुडानी नागरिकले पनि प्रत्येक बिहान अवस्था थप बिग्रिने हो कि भन्ने चिन्तासहित उठ्नुपर्ने स्थिति आएको प्रतिक्रिया दिएका छन् ।

यसैबीच, ओमानको तटनजिक एक नर्वेजियन तेल ट्याङ्करमा विस्फोट भएको सङ्कट प्रतिक्रिया कम्पनी एमटीआई नेटवर्कले जनाएको छ । कुवेतले आफ्नो एउटा नौसैनिक जहाजमा ड्रोन आक्रमण हुँदा चालक दलका चार सदस्य घाइते भएको जानकारी दिएको छ ।

राष्ट्रपति ट्रम्पले हर्मुज हुँदै आवतजावत गर्ने जहाजमाथि २० प्रतिशत कर लगाउने पूर्व योजना स्थगित गरी त्यसको सट्टा खाडी मुलुकहरूसँग व्यापार सम्झौता गर्ने नीति अघि बढाइएको बताएका छन् ।

इरानी सरकारी प्रवक्ताका अनुसार गत सातादेखिका अमेरिकी आक्रमणमा कम्तीमा ३० जनाको मृत्यु भएको छ । यसैबीच, अमेरिकी सेनाले इरानी नेतृत्वलाई थप आक्रमण भए इजरायलबाट पनि कडा सैन्य प्रतिक्रिया हुन सक्ने चेतावनी दिएको छ । *रासस/एएफपी*

# म्यान्माका दुई डुंगा दुर्घटनामा ५०० भन्दा बढी बेपत्ता भएको आशंका



**जेनेभा–** संयुक्त राष्ट्रसङ्घले म्यान्माबाट रोहिङ्ग्या शरणार्थी बोकेर गएका दुई डुंगा दुर्घटनामा ५०० भन्दा बढी मानिसको ज्यान गएको वा बेपत्ता भएको आशङ्का व्यक्त गर्दै यसलाई सम्भावित मानवीय विपत्ति भएको जनाएको छ । घटनाको आधिकारिक पुष्टि हुन बाँकी रहे पनि प्रारम्भिक विवरणले ठूलो मानवीय क्षतिको सङ्केत गरेको राष्ट्रसङ्घीय निकायहरूले बताएका छन् ।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम) र संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) ले संयुक्त वक्तव्य जारी गर्दै जुनको अन्त्यतिर द्वन्द्वग्रस्त म्यान्माको राखाइन राज्यबाट प्रस्थान गरेका दुई डुंगा दुर्घटनामा परेको आशङ्का गरिएको जनाएको हो । ती डुंगामा अधिकांश यात्रु रोहिङ्ग्या मुस्लिम अल्पसङ्ख्यक समुदायका सदस्य रहेको बताइएको छ । केही यात्रु बङ्गलादेशको कोक्स बजारस्थित विशाल शरणार्थी शिविरबाट यात्रा थालेका थिए । कोक्स बजारस्थित शरणार्थी शिविरमा १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थी बसोबास गर्दै आएका छन् ।

राष्ट्रसङ्घका अनुसार करिब २५० यात्रु रहेको एउटा डुंगासँग यात्रा सुरु गरेको केही समयमै सम्पर्क विच्छेद भएको थियो । अर्को करिब २८० यात्रु बोकेको डुंगा जुलाई ८ मा म्यान्माको अय्यारवाडी तट नजिक डुबेको अनुमान गरिएको छ ।

युएनएचसीआर र आइओएमले घटनाको आधिकारिक पुष्टि हुन बाँकी रहे पनि सम्भावित ठूलो जनधनको क्षतिप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । दुवै निकायले यी यात्रा सामान्य समुद्री यात्राको मौसमभन्दा बाहिर गरिएको उल्लेख गर्दै त्यसबेला समुद्रको अवस्था अत्यन्त जोखिमपूर्ण हुने र पछिल्लो समय परेको अविरल वर्षा तथा बाढीले जोखिम अझ बढाएको बताएका छन् ।

यदि घटनाको पुष्टि भएमा यस वर्ष अन्डमान सागर र बंगालको खाडी क्षेत्रमा रोहिङ्ग्या शरणार्थी तथा बंगलादेशी नागरिक गरी बेपत्ता वा मृत्यु हुनेको संख्या करिब ३०० ले थप वृद्धि हुने राष्ट्रसङ्घले जनाएको छ ।

रोहिङ्ग्या समुदायका मानिसहरू हरेक वर्ष सुरक्षित जीवन र राम्रो अवसरको खोजीमा मानव तस्करहरूले सञ्चालन गर्ने जोखिमपूर्ण समुद्री यात्रामा निस्कने गरेका छन् । युएनएचसीआरका अनुसार गत वर्ष मात्रै छ हजार ५०० भन्दा बढी रोहिङ्ग्यामध्ये करिब ९०० जना उत्तर हिन्द महासागर पार गर्ने क्रममा बेपत्ता भएका वा मृत्यु भएको विवरण प्राप्त भएको थियो ।

राष्ट्रसंघीय निकायहरूले म्यान्मामा जारी द्वन्द्व, बिग्रँदो मानवीय अवस्था, बङ्गलादेशका शरणार्थी शिविरमा सीमित सहायता तथा अवसरका कारण रोहिङ्ग्याहरू जोखिमपूर्ण समुद्री यात्रा गर्न बाध्य भइरहेको उल्लेख गरेका छन् । साथै, मानव तस्करी र अवैध ओसारपसार गर्ने सञ्जालहरूले उनीहरूको निराशाको फाइदा उठाइरहेकोप्रति पनि चिन्ता व्यक्त गरेका छन् ।

आइओएम र युएनएचसीआरले खोज तथा उद्धार अभियान विस्तार गर्न, शरण र संरक्षणमा पहुँच सुनिश्चित गर्न तथा मानव तस्करी र अवैध ओसारपसार गर्ने सञ्जालविरुद्ध प्रभावकारी कारबाही गर्न अन्तर ाष्ट्रिय समुदायसँग आग्रह गरेका छन् । साथै, वर्षौंदेखि रोहिङ्ग्या शरणार्थीलाई आश्रय दिँदै आएको बंगलादेशको प्रशंसा गर्दै शरणार्थी र उनीहरूलाई आश्रय दिने समुदायका लागि दीर्घकालीन अन्तर्राष्ट्रिय सहयोग तथा जबर्जस्ती विस्थापनका मूल कारण समाधान गर्न थप प्रयास आवश्यक रहेकोमा जोड दिएका छन् । *रासस/एएफपी*

# रूस युक्रेन द्वन्द्वमा बिहीबार पाँच जनाको मृत्यु

**युक्रेन–** रूस र युक्रेन बीच बिहिबार भएको द्वन्द्वका कारण पाँच जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । पछिल्लो समयमा युक्रेनले मस्कोको आक्रमणको बदला लिन रूस बिरुद्ध ड्रोन आक्रमण बढाएको जनाइएको छ ।

युक्रेनी गोलाबारीले रूसको पश्चिमी सीमा क्षेत्र ब्रायन्स्कको एउटा गाउँमा १५ वर्षीया बालिका र उनकी हजुरआमाको मृत्यु भएको कार्यवाहक गभर्नर येगोर कोभालचुकले बताए । यसैगरी मस्कोबाट करिब ३०० किलोमिटर उत्तरपूर्वमा रहेको रूसको यारोस्लाभल क्षेत्रमा भएको ड्रोन आक्रमणमा अर्का एक जना व्यक्तिको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

रूसी क्षेप्यास्त्रले युक्रेनको राजधानी किएभमा रातभर प्रहार गरी दुई जनाको ज्यान गएको र एक बालकसहित पाँच जना घाइते भएको युक्रेनको आपतकालीन सेवाले जनाएको छ । मस्कोले ब्यालेस्टिक आतंकमाथि भरोसा गरि आफ्नो



आक्रमण जारी राखेको बताउदै राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले हवाई सुरक्षाका लागि अब्बल सुरक्षा प्रणली तयार गर्नु पर्ने उल्लेख गरेका छन् ।

साल्भोमा मिसाइलहरू प्रहार गरिएको जनाउदै उनले ती मध्ये आठ वटा ब्यालेस्टिक मिसाइल र १५१ वटा ड्रोनहरू रहेको जनाउनु भएको छ । युक्रेनी वायु सेनाको सतर्कताले धेरै ब्यालेस्टिक मिसाइलहरू नजिक आएको रिपोर्ट गरको एएफपीले जनाएको छ ।युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनको भ्रमणको केही समय पछि किएभमा आक्रमण भएको जनाइएको छ ।

बेलायतका प्रधानमन्त्री कीर स्टारमर र टर्कीका विदेशमन्त्री हाकान फिदान दुवै बिहीबार युक्रेनको राजधानीमा थिए । जुलाईमा मात्रै किएभमा भएको यो छैटौं ब्यालेस्टिक आक्रमण रहेको जेलेन्स्कीले बताएका छन् । किएभले गत महिना देखि नियमित रूसी ब्यालेस्टिक मिसाइल आक्रमणको सामना गरिरहेको जनाइएको छ जुन रोक्न गाह्रो हुन्छ ।

युक्रेन अमेरिकाले डिजाइन गरेको प्याट्रियट प्रणालीका लागि आवाश्यक मिसाइलको अभावबाट ग्रस्त छ, जुन ब्यालेस्टिक प्रोजेक्टाइलहरू रोक्नका लागि अत्यावश्यक छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत हप्ता युक्रेनलाई प्याट्रियट मिसाइल उत्पादन गर्ने अनुमति दिने बताएका थिए भने जेलेन्स्कीले सन् २०२६ को अन्त्य सम्ममा यसको उत्पादन सुरु हुन सक्ने सम्भावना रहेको बताएका छन् । *रासस/एएफपी*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१२/०४ मा दर्ता भएको **प्रा. लि. नं. १३३६०३** को **बुइल्ट नेपाल ग्रुप प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०८/०४ मा दर्ता भएको **प्रा.लि. नं. १७८५९१** को **काइभोर ट्रेड प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा–०९, फोन नं. ९८४११५३११४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/११ मा दर्ता भएको **प्रा.लि. नं. १८८१८९** को **ओरम इन्टरप्राइजेज प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा–०९, फोन नं. ९८४११५३११४**


# अमेरिका–इरान वार्ता पुनः सुरू गर्न पाकिस्तानको आग्रह

**इस्लामाबाद–** अमेरिका र इरानबीच फेरि सैन्य तनाव चर्किरहेका बेला पाकिस्तानले दुवै पक्षलाई हिंसा अन्त्य गरी गत महिना भएको समझदारीपत्र (एमओयु) अनुसार वार्ता पुनः सुरु गर्न आग्रह गरेको छ । मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको पाकिस्तानले संवाद नै सङ्कट समाधानको प्रभावकारी माध्यम भएको जनाएको छ ।

पाकिस्तानको विदेश मन्त्रालयका प्रवक्ता ताहिर अन्द्राबीले बिहीबार इस्लामाबादमा आयोजित पत्रकार सम्मेलनमा समझदारीपत्रको कार्यान्वयन चुनौतीपूर्ण बने पनि सबै पक्षलाई हिंसा रोक्न र प्राविधिक तहको वार्ता पुनः सुरु गर्न प्रोत्साहित गरिने बताए । उनले हर्मुज जलघाँटीको अवस्था छिट्टै सामान्य हुने आशा व्यक्त गर्दै समुद्री सुरक्षाका साथै अन्तर्राष्ट्रिय जहाज आवागमनको स्वतन्त्रता सुनिश्चित गर्नु अत्यन्त आवश्यक रहेको उल्लेख गरे । यसै साता अमेरिकाले इरानमाथि नयाँ आक्रमण सुरु गरेपछि इरानले पनि खाडी क्षेत्रमा रहेका अमेरिकी हितलाई लक्षित गर्दै जवाफी कारबाही गरिरहेको छ । दुवै पक्षबीचको सङ्घर्ष हर्मुज जलघाँटी केन्द्रित बनेको छ र यसले अन्तर ाष्ट्रिय ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पारेको छ ।

तेल तथा ग्यास ओसार पसारको प्रमुख मार्ग मानिने हर्मुज जलघाँटीमा जारी तनावका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको छ । यसले द्वन्द्वमा प्रत्यक्ष संलग्न नभएका मुलुकहरूमा समेत मुद्रास्फीति बढ्ने चिन्ता उत्पन्न गरेको छ । *रासस/एएफपी*


**एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको**
**तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना**

**(प्रकाशित मितिः २०८३।०४।०१ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत/सामुहिक जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी र कर्जा शिर्षकको विवरणः**

**१. ऋणीको नामः पुनम वैश्य** — **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुबिधा
ना.प्र.प.नं (जारी मिति/स्थान): ६६३०१९/३२३(२०७०/०१/२९/बाँके), बाजेको नामः विशमभर लाल वैश्य, बाबुको नामः पवन कुमार वैश्य, ठेगानाः बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा., वडा नं २ ।

**२. ऋणीको नामः दिपक प्रसाद अधिकारी** — **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुबिधा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३४१०२२/९८०३(२०६७/०३/१७/पर्सा), बाजेको नामः गंगा प्रसाद अधिकारी, बाबुको नामः पप्पु प्रसाद अधिकारी, ठेगानाः पर्सा जिल्ला, बिरगंज म.न.पा., वडा नं. १५ ।

**३. ऋणीको नामः उत्तर बहादुर स्याङ्गतान** — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ०३०७२४८५-सर्लाही(२०५५/१०/०६/झापा), बाजेको नामः कुल बहादुर स्याङ्गतान, बाबुको नामः दुर्गा बहादुर स्याङ्गतान, ठेगानाः झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ६ ।

**४. ऋणीको नामः सुवास सार्की** — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): २४-३१-७४/४४(२०७४/०३/०६/सिन्धुपाल्चोक), बाजेको नामः जित बहादुर सार्की, बाबुको नामः सोम बहादुर सार्की, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा. वडा नं. ५ ।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/१२ मा दर्ता भएको **प्रा.लि. नं. २५१२२५** को **पौरखी आर. एण्ड डि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा–०९, फोन नं. ९८४११५३११४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/१०/२० मा दर्ता भएको **प्रा.लि. नं. ३६०१९६** को **सेली डटकम प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा–०९, फोन नं. ९८४११५३११४**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २८५२०० | प्रति तोला – ० | प्रति तोला – ४३२५ |



**धान रोपाइँ** | चन्द्रनहरमा पानी दिएपछि सप्तरीको कञ्चनरूप नगरपालिकास्थित कञ्चनपुर बदगामा क्षेत्रमा धान रोप्दै किसान । यस भेगमा अकाशेपानी र नहरको भरमा धानखेती गर्नु परेको स्थानीय बताउँछन् ।
*तस्बिर: अरुणकुमार यादव/रासस*

# ‘बजेटलाई सहयोग पुग्नेगरी मौद्रिक नीति ल्याएका छौं’

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल राष्ट्र बैंकका गर्भनर डा विश्वनाथ पौडेलले सरकारको बजेट र नीति तथा कार्यक्रमलाई सहयोग हुने गरी आर्थिक वर्ष २०८३/८४ का लागि मौद्रिक नीति ल्याइएको बताएका छन् ।

पूर्वयोजनाकार मञ्च नेपालले बिहीबार आयोजना गरेको मौद्रिक नीति २०८३/८४ सम्बन्धी नीतिगत छलफल कार्यक्रममा उहाँले सरकारले ल्याएका नीति तथा कार्यक्रमलाई सम्बोधन गर्नेगरी मौद्रिक नीति ल्याइएको बताए । ‘विगतका वर्षमा सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटभन्दा मौद्रिक नीतिमा बढी अपेक्षा गरिन्थ्यो’, गभर्नर पौडेलले भने, ‘सरकारले ल्याउने बजेट तथा नीति कार्यक्रमभन्दा मौद्रिक नीति ठूलो हुन सक्दैन । त्यसैले पनि सरकारले ल्याएको बजेटलाई सहयोग पुग्नेगरी मौद्रिक नीति ल्याएका छौं ।’

कानुनले दिएको अधिकार अनुसार नै राष्ट्र बैंकले मौद्रिक नीति ल्याएको गर्भनर पौडेलले दाबी गरे । ‘विगतका वर्षमा मौद्रिक नीति आउनुअगावै चुहावट हुने गर्दथ्यो । तर, अहिले त्यस्तो केही भएको छैन’, उनले भने, ‘जनसरोकारका विषयलाई सरकारले सम्बोधन गर्ने हो । तर, सबै विषयलाई राष्ट्र बैंकले सम्बोधन गर्न सक्दैन ।’

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले विगतका वर्षमा सबै किसिमका समस्या मौद्रिक नीतिबाट सम्बोधन हुने आशा गर्ने भए पनि यो पालीको मौद्रिक नीति सीमित क्षेत्रमा केन्द्रित रहेको बताए । ‘विगतमा सबै समस्याको अन्त्य मौद्रिक नीतिबाटै हुने जनअपेक्षा गरिन्थ्यो’, उनले भने, ‘यसपटक जनताको चाहना र आकांक्षालाई निराशा बनाएको छ कि भन्ने आङ्शका भने उब्जाएको छ । फरकफरक खण्डमा नीति आएकाले निराश हुनुपर्ने आवश्यकता छैन ।’

पूर्वकार्यकारी निर्देशक थापाले मौद्रिक नीति यसपालीदेखि तीन खण्डमा छुट्टाछुटै गरेर आएको बताए । ‘प्रत्येक वर्ष कर्जाको पुनःसंरचना गरेर मात्रै हुँदैन । कर्पोरेट पुनःसंरचना नगरेसम्म उद्यमशीलताको विकास हुँदैन । राष्ट्र बैंकले कर्पोरेट पुनःसंरचना गर्नेतर्फ अग्रसर हुन जरुरी छ ।’

# दूरसञ्चार प्राधिकरणमा चार सदस्य नियुक्त

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल दूरसञ्चार प्राधिकरणमा चार जना सदस्य नियुक्त भएका छन् । सूचना तथा सञ्चारमन्त्रीस्तरको आजको निर्णयअनुसार प्राधिकरणको लेखा तथा लेखापरीक्षणतर्फ क्षेत्रगोपाल प्रधान, प्राविधिक तथा प्रशासनतर्फ अनन्त मल्लिक, कानुनतर्फ निलमकुमार ओझा र बजार व्यवस्थापनतर्फ सुजिता श्रेष्ठ सदस्य पदमा नियुक्त भएका हुन् ।

नवनियुक्त सदस्यहरूको पदभार ग्रहणअघि सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले निर्देशन दिँदै प्राधिकरण दूरसञ्चार क्षेत्रको विकास, विस्तार तथा नियमनसँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण निकाय भएकाले देश र जनतालाई केन्द्रमा राखेर जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए । उनले प्राधिकरणको नयाँ नेतृत्वको निर्णय र कार्यशैलीले नेपालको दूरसञ्चार क्षेत्रको भावी दिशा निर्धारण गर्ने उल्लेख गर्दै जिम्मेवारीलाई उच्च नैतिकता, पारदर्शिता र उत्तरदायित्वका साथ निर्वाह गर्न निर्देशन दिए ।

‘तपाईंहरू जुन संस्थाका लागि काम गर्नुहुन्छ, त्यहाँबाट सम्पादन हुने काम देश र जनतालाई केन्द्रमा राखेर गर्नुहोला । यो निकै महत्वका साथ हेरिएको संस्था र पद हो । तपाईंहरूका कामले भोलिको दूरसञ्चार क्षेत्रको भविष्य निर्धारण गर्ने भएकाले जिम्मेवार र नतिजामुखी भएर काम गर्नुहोला’, सञ्चारमन्त्री डा तिमिल्सिनाले भने ।

उनले संस्थाको हित र जनहितभन्दा बाहिर गएर गरिने कुनै पनि काम सरकारका लागि स्वीकार्य नहुने बताउँदै कार्यसम्पादन सन्तोषजनक नभए सरकारले आवश्यक विकल्प खोज्ने पनि स्पष्ट पारे । ‘देश र जनताको हितमा काम भएन भने त्यस्तो स्थिति सरकारका लागि स्वीकार्य हुँदैन । जुन दिन तपाईंहरूबाट काम गर्न सक्नुभएन भन्ने लाग्छ, सरकारले तपाईंहरूको पनि विकल्प खोज्छ’, उनले भने ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूको प्रभावकारी व्यवस्थापन तथा नियमन प्राधिकरणको महत्वपूर्ण जिम्मेवारी भएको उल्लेख गर्दै गुणस्तरीय, भरपर्दो र सबै नागरिकको पहुँचमा पुग्ने दूरसञ्चार सेवा सुनिश्चित गर्न संस्थाले सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिए । उनले देशभर दूरसञ्चार सञ्जाल विस्तार, सेवा पहुँच अभिवृद्धि तथा डिजिटल पूर्वाधारको विकासमा प्राधिकरणले नेतृत्वदायी भूमिका निर्वाह गर्न निर्देशन दिए ।

‘नियामकीय भूमिका बलियो बनाउनुपर्नेछ । आजसम्म यो क्षेत्रलाई बलियो बनाउन सकिएको छैन । यो धेरैअघि नै सुदृढ भइसक्नुपर्ने थियो, तर संस्थालाई कमजोर र जीर्ण बनाइएको अवस्था छ’, उनले भने ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सूचना तथा सञ्चार क्षेत्रको तीव्र परिवर्तनसँगै दूरसञ्चार क्षेत्रमा पनि नयाँ प्रविधि, बढ्दो प्रतिस्पर्धा, सेवा गुणस्तर, उपभोक्ता हित संरक्षण तथा डिजिटल रूपान्तरणका चुनौतीहरू थपिँदै गएका उल्लेख गर्दै ती चुनौतीलाई सामना गर्न सक्षम, निष्पक्ष र प्रभावकारी नियामक संस्थाको आवश्यकता रहेको बताए । नवनियुक्त सदस्यहरूले आफूहरूले कानुनसम्मत, पारदर्शी र इमानदार ढङ्गले जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे । उनीहरूले व्यक्तिगत स्वार्थभन्दा संस्थागत हितलाई प्राथमिकतामा राख्दै सामूहिक निर्णय प्रणालीलाई अवलम्बन गर्ने, सुशासनको मर्मअनुसार काम गर्ने तथा दूरसञ्चार क्षेत्रको विकास र नियमनलाई प्रभावकारी बनाउन सक्रिय रहने प्रतिबद्धता जनाए ।

# नेप्से परिसूचक सात अंकले बढ्यो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार झिनो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव ५० अंकले बढेर दुई हजार ५९७ दशमलव ८० मा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९२ अंकले उकालो लागेर चार सय ५६ दशमलव ८६ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ६१ अंकले बढेर एक सय ७८ दशमलव ५७ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ९३ अंकले बढेर एक सय ५४ दशमलव ४३ मा पुगेको छ ।

विभिन्न कम्पनीका ९४ लाख ६९ हजार ९९ कित्ता शेयर रु चार अर्ब ५६ करोड २९ लाख ५० हजार ७०० मूल्यमा खरिद बिक्री भएको छ । १३ मध्ये नौ उपसमूह बढ्यो भने चार उपसमूह घटेको छ ।




एक सय २० कम्पनीको शेयर बढ्दा १५२ कम्पनीको घटेको छ भने तीन कम्पनीको शेयर मूल्य स्थिर रहेको हो । नेप्सेका अनुसार एनआइबिएल ग्रोथ फण्ड, फष्ट माइक्रो फाइन्नास, चिर्ख्वा हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् भने कर्पोरेट डेभलपमेन्ट बैंक, एनआइसी एसिया फेलेक्सी क्याप फण्ड र भुजुङ हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

## कर्पोरेट

### सिटिजन्स बैंकद्वारा सातवटै प्रदेशमा वित्तीय साक्षरता




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आम सर्वसाधारणलाई वित्तीय सचेतना जगाउने उद्धेश्यका साथ चालु आर्थिक बर्ष २०८२र८३ मा ७ वाटै प्रदेशमा रहेका आफ्ना विभिन्न १४८ शाखा कार्यालयहरूबाट वित्तीय साक्षरताका विभिन्न कार्यक्रमहरू संचालन गरेको छ ।

बैंकको कोशी प्रदेशका २०, मधेश प्रदेशका २१, बाग्मती प्रदेशका ४३, गण्डकी प्रदेशका १३, लुम्बिनी प्रदेशका ३२, कर्णाली प्रदेशका ९ तथा सुदूरपश्चिम प्रदेशका १० शाखाहरू मार्फत विभिन्न उमेर समुहका व्यक्तिहरू, महिला, विद्यार्थी, कृषक, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरू र अन्य समुहका गरि विभिन्न वर्गलाई वित्तिय साक्षरताका विभिन्न कार्यक्महरूको आयोजना गरी करिब दश हजार लक्षित वर्गलाई वित्तीय ज्ञान प्रदान गर्ने कार्य गरेको छ ।

कार्यक्रममा उपस्थित सम्पूर्णमा वित्तीय साक्षरताको आवश्यकता र महत्वको बारेमा विस्तृत प्रकाश पारिएको छ । यस सँगै वित्तीय साक्षरताको अवस्था र डिजिटल बैंकिङ्गको विकाससँगै बढेको अपराध र जोखिमको बारेमा समेत जानकारी गराईएको छ । नगद कारोबार, लेनदेन तथा विप्रेषण जस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ्ग प्रणालीकै प्रयोग गर्न समेत उक्त कार्यक्मबाट आग्रह गरिएको छ । यसबाट बैंकिङ्ग प्रणाली मजवुत हुने र उपस्थित सम्पूर्णमा वित्तीय ज्ञानको विकास हुने विश्वास बैंकले लिएको छ ।

साथै बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पनि विभिन्न कार्यक्महरू सम्पन्न गरेको छ । आफ्ना शाखा कार्यालयहरू मार्फत बैंकले विभिन्न सामुदायिक विद्यालय, स्थानीय स्वास्थ्य केन्द्र लगायत विभिन्न संघ संस्थालाई सहयोग प्रदान गरेको हो । जस अर्न्तगत बैंकको सार्केगाड शाखाले सार्केगाड गाउँपालिका वडा नं. ०४ मा अवस्थित श्री हिमज्योति माध्यमिक विद्यालयका बालविकास देखि कक्षा ८ सम्मका १९६ गरिब तथा जेहेन्दार बालबालिकाहरूलाई विद्यालय पोशाक तथा न्यानो स्वेटर उपलब्ध गराएको छ । बैंकका यी पहलहरूले समाजमा सकारात्मक परिवर्तन ल्याउने विश्वास बैंकले लिएको छ ।

### सिद्धार्थ बैंकद्वारा ‘सिद्धार्थ गोल्ड लोन’ सुविधा सञ्चालनमा

SiddharthaBank

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले ग्राहकहरूको तत्कालको वित्तीय आवश्यकतालाई सहज र सर्वसुलभ सम्बोधन गर्ने उद्देश्यका साथ नयाँ कर्जा योजना ‘सिद्धार्थ गोल्ड लोन’ सार्वजनिक गरेको छ जस अन्तर्गत ग्राहकहरूले आफ्नो सुन तथा सुनका गरगहनाहरू धितो राखी बैंकबाट आवश्यक कर्जा रकम प्राप्त गर्न सक्नेछन् । यस योजना अन्तर्गत ग्राहकहरूले अधिकतम रु ५० लाखसम्म कर्जा सुविधा प्राप्त गर्न सक्नु हुनेछ भने धितो सुनको मूल्यांकनका आधारमा अधिकतम ७५ प्रतिशतसम्म बैंकद्वारा कर्जा प्रवाह गरिने छ । यस सुविधामार्फत ग्राहकहरूले आफ्नो व्यक्तिगत तथा व्यावसायिक आवश्यकता सहज रूपमा पूरा गर्न सक्नु हुनेछ भन्ने विश्वास बैंकले लिएको छ ।

ग्राहकहरूलाई छिटो, सुरक्षित तथा भरपर्दो वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको यो सुविधा हालका लागि सिद्धार्थ बैंकको काठमाडौं स्थित न्यूरोड गेट शाखाबाट उपलब्ध छ । यस सुविधाको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, ‘सिद्धार्थ केयर’ मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सक्नेछन् ।

# ऊर्जा क्षेत्रको रुपान्तरणका लागि सहकार्य आवश्यक : मन्त्री श्रेष्ठ

■ प्रभाव संवाददाता

**ललितपुर–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा क्षेत्रको रूपान्तरणका लागि सरकार, निजी क्षेत्र, सञ्चारमाध्यम र अन्य सबै सरोकार भएका निकाउबीच सहकार्य र सहकार्य आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय आर्थिक पत्रकार संघ (नाफिज)ले ललितपुरमा आयोजना गरेको ‘विद्युतीय पूर्वाधार निर्माणका चुनौती र अबको बाटो’ विषयक अन्तरक्रिया कार्यक्रममा उनले नेपालका नदी विद्युत् उत्पादनमा मात्र सीमित नरही उद्योग, रोजगारी, उत्पादन, प्रतिस्पर्धी अर्थतन्त्र र दिगो समृद्धिको आधार निर्माण गर्नसक्ने बताए ।

मन्त्री श्रेष्ठले एउटा जलविद्युत् आयोजनाले विद्युत् उत्पादन मात्र नगरी त्यस क्षेत्रको सामाजिक, आर्थिक र शैक्षिक विकासमा योगदान पुऱ्याउने उल्लेख गर्दै मानव विकास सूचकांकमा सुधार ल्याउन पत्रकारसहित सबै सरोकार भएका निकायका प्रतिनिधिको सकारात्मक भूमिका आवश्यक रहेकामा जोड दिए ।

उनका अनुसार आगामी आर्थिक वर्षभित्र रणनीतिक महत्वका १२ वटा प्रसारण लाइन सञ्चालनमा ल्याउने लक्ष्यका साथ मन्त्रालयले काम गरिरहेको छ । मन्त्री श्रेष्ठले मन्त्रालयले आन्तरिक विद्युत् खपतलाई पहिलो प्राथमिकतामा राख्दै उद्योग, यातायात, कृषि तथा घरायसी क्षेत्रमा विद्युत् प्रयोग विस्तार गर्ने कार्ययोजना अघि बढाएको बताए । वर्षायाममा बचत हुने विद्युत् अन्तरदेशीय प्रसारण लाइनमार्फत क्षेत्रीय बजारमा निर्यात गर्ने नीति पनि सरकारको प्राथमिकतामा रहेको उनको भनाइ छ ।

मन्त्री श्रेष्ठले वर्तमान सरकारको मुख्य लक्ष्य विद्युतीय पूर्वाधारको विकास र स्तरोन्नतिमा केन्द्रित रहेको उल्लेख गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत करिब रु ८० अर्ब विद्युतीय पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरिएको जानकारी दिए । सरकारले रणनीतिक रूपमा विद्युत् उत्पादन, प्रसारण तथा वितरण प्रणालीलाई सुदृढ बनाउँदै लगेको भन्दै उहाँले ऊर्जा क्षेत्रको समग्र विकासलाई प्राथमिकताका साथ अघि बढाइरहेको उल्लेख गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ